एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनल नेपाल

# बत्तिसौं साधारण सभा

## घोराही, दाङ

## २०८० मंसिर १५ र १६ (१ र २ डिसेम्बर २०२३)

# माइन्युट

(आन्तरिक दस्तावेज-एम्नेस्टी नेपालका सदस्यहरूका लागि मात्र)

मितिः २०८०/०९/०१

श्री नेसनल बोर्ड
एम्नेस्टी इन्टरनेसनल नेपाल,
एम्नेस्टी मार्ग, बालाजु, काठमाडौं।

**विषयः बत्तिसौं साधारण सभाको माइन्युट पेश गरेको बारे।**

मिति २०८० मंसिर १५ र १६ गते डिसेम्बर १ र २ मा दा दाङ जिल्लाको घोराही उपमहानगरपालिकामा सम्पन्न एम्नेस्टी इन्टरनेसनल नेपालको बत्तिसौं साधारण सभाको छलफल तथा निर्णयहरूलाई लिपिबद्ध गरी माइन्युट तयार गर्ने प्रतिवेदकको गहन जिम्मेवारी सो साधारण सभाले हामी दुई जनालाई प्रदान गरेकोमा उक्त जिम्मेवारीको लागि प्रस्ताव गर्ने नेसनल बोर्ड तथा निर्णय गर्ने साधारण सभालाई धन्यवाद दिन चाहन्छौं।

उक्त साधारण सभामा भएका एजेण्डाअनुसारका छलफल र निर्णयहरूलाई लिपिबद्ध गरी तयार गरिएको व्यहोरा नेसनल बोर्डसमक्ष जानकारी गराउँदै साधारण सभाको सो माइन्युट यसैसाथ पेश गरेका छौं।

कबिन्द्र नेपाल, समूह १२
प्रतिवेदक, बत्तिसौं साधारण सभा

रोशनी पाठक, टियु युथ नेटवर्क
प्रतिवेदक, बत्तिसौं साधारण सभा

# ३२ औं साधारण सभाको माइन्युट

एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) को बत्तिसौं साधारण सभा मिति २०८० मंसिर १५ र १६ गते (तदनुसार सन् २०२३ डिसेम्बर १ र २) दाङ जिल्लाको घोराही उपमहानगरपालिकामा सम्पन्न भयो। उक्त साधारण सभामा एम्नेस्टी नेपालमा आबद्ध देशभरका **६२ समूह** र ४६ **युथनेटवर्कबाट** दुई दुई जना र समर्थक सदस्यको तर्फबाट दुईजनासमेत गरी **२०९ जना** मताधिकारसहितका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। त्यसैगरी एम्नेस्टी नेपाल शाखाको विधानमा निर्धारित समयमा आफ्नो साधारण सभा आयोजना नगरेका तथा निर्धारित समयभन्दा पछि नाम सिफारिस गरी पठाएकोमा नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका दुईवटा समूहका **३ जना पर्यवेक्षक**, नेसनल बोर्डका **१० जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक **(१ जना)**, एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (७ जना)**, नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **(५ जना)**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, अन्तर्राष्ट्रिय सचिवालयबाट सहभागी हुनुभएका इन्टरिम क्याम्पेन्ज् डेप्युटी डाइरेक्टर बाबुराम पन्त **(१ जना)**, राष्ट्रिय सचिवालयका कर्मचारी र भोलुन्टियर **(१० जना)**, स्वयंसेवक **(३ जना)** र प्रमुख अतिथि लगायतका अतिथिहरू **(११ जना)** समेत **२६१ जनाको** उक्त साधारण सभामा उपस्थिति रहेको थियो। साथै दाङ जिल्लाका नागरिक समाज सङ्घ संस्थाका प्रतिनिधिहरू, पत्रकार तथा मानवअधिकारकर्मीहरूको पनि साधारण सभाको उद्घाटन सत्रमा उल्लेख्य उपस्थिति रहेको थियो।

यस साधारण सभाले संस्थाको आ.व. ०७९/८० को आर्थिक/लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०८०/०८१ को लेखा परीक्षणका लागि लेखापरीक्षकको नियुक्ति गर्नेसम्बन्धी जिम्मेवारी नेसनल बोर्डलाई तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०७९/०८० को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, सन् २०२४ का लागि प्रस्तावित कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन गर्ने र एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावलीहरू संशोधनका लागि नेसनल बोर्डद्वारा प्रस्तुत गरिएको प्रस्तावउपर छलफल गरी सर्वसम्मतीले अनुमोदन गर्ने निर्णय गरेको थियो।

**उद्घाटन सत्र**
**मिति : २०८० मङ्सिर १७ गते (१ डिसेम्बर २०२३), शुक्रबार।**
**स्थान : होटेल माला इन, गोराही, दाङ।**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभाको उद्घाटन सत्र दाङ जिल्लाको घोराही उपनगरपालिका स्थित होटल माला इनको सभाहलमा दिउँसो तीन बजेदेखि प्रारम्भ भएको थियो। एम्नेस्टी नेपालका महासचिव शचिता कुईंकेलद्वारा सञ्चालित यस उद्घाटन सत्रको कार्यक्रमको अध्यक्षता एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले गर्नु भएको थियो भने **प्रमुख अतिथिका रूपमा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा** उपस्थित रहनु भएको थियो। विशिष्ट अतिथिका रूपमा राष्ट्रिय सभाका सदस्य माननीय अनिता देवकोटा, लुम्बिनी प्रदेशसभा सदस्य माननीय लोका वि.क., घोराही उपमहानगरपालिकाका प्रमुख नरूलाल चौधरी, नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष उदय जि.एम., जिल्ला प्रशासन कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी रामवन्धु सुवेदी, जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख उपरीक्षक राम बहादुर के.सी, नेपाल जेसिसका निवर्तमान राष्ट्रिय अध्यक्ष लालमणी भण्डारी, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीको उपस्थिति रहेको थियो।

कार्यक्रम सञ्चालनको क्रममा महासचिव कुईंकेलले यस साधारण सभाले संस्थाको वार्षिक प्रतिवेदन, कार्ययोजना, बजेट र केही संस्थागत नीतिहरूमाथि छलफल गरी पारित गर्ने र संस्थाको सदस्यता र गभर्नेन्सको संरचना र प्रक्रियालाई पुनर्परिभाषित तथा परिमार्जन गर्ने उद्देश्यले संस्थाको विधान र नियमावलीहरू संशोधनको प्रस्तावमाथि पनि छलफल र मतदान हुने कुराको जानकारी गराउनुभएको थियो।

सभामा उपस्थित सबै प्रतिनिधि, पर्यवेक्षक र अतिथिहरूलाई हार्दिक स्वागत गर्दै उहाँले सहभागीहरूलाई शीष्ट, मर्यादित, अनुशासित र मानवअधिकारका मूल्य, मान्यता र सिद्धान्तअनुकूल व्यवहार गर्न अनुरोध गर्नुभएको थियो। साथै यौन दुर्व्यवहारविरुद्ध एम्नेस्टी नेपालको शून्य सहनशीलताको नीतिका बारेमा जानकारी गराउँदै यदि कसैले यौन दुर्व्यवहारजन्य व्यवहार महशुस गरेमा नेसनल बोर्ड वा सचिवालयलाई तत्काल जानकारी गराउन अनुरोध गर्दै कुनै पनि खालका अवाञ्छित गतिविधिहरू भए गरेको पाइएमा संस्थाको नीति, नियम र प्रचलित कानुनबमोजिम हुने व्यहोरा जानकारी गराउनुभएको थियो। साथै उहाँले उद्घाटन सत्रको कार्यक्रमको भिडियो रेकर्डिङ हुने जानकारी गराउदै त्यसका लागि सबैको अनुमति लिनु भएको थियो।

त्यसपछि महासचिव कुईंकेलले प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिहरू, प्रतिनिधि, पर्यवेक्षक, स्थानीय नागरिक समाज र सङ्घ संस्थाका प्रतिनिधिलगायत सबै सहभागीलाई आसन ग्रहण गराउनुभएको थियो। सोपछि एम्नेस्टी नेपालमा आबद्ध दाङस्थित **स्थानीय समूह ६६ का संयोजक पूर्ण बहादुर डाँगीले** साधारण सभामा सहभागी हुन आइपुगेका देशभरीका सम्पूर्ण सहभागीहरूलाई स्वागत मन्तव्य राख्नुभएको थियो।

स्वागत मन्तव्यपछि उद्घाटन सत्रका **प्रमुख अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले एम्नेस्टी इन्टरनेसनलको प्रतिक मैनबत्ती प्रज्वलन** गरी साधारण सभाको औपचारिक उद्घाटन गर्नुभएको थियो जसलाई एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकीले सहजीकरण गर्नुभएको थियो।

सोपछि एम्नेस्टी नेपाल **शाखाका संस्थापक अध्यक्ष नुतन थपलियाको** शुभकामना संदेशको भिडियो प्रसारण गरिएको थियो जसमा उहाँले विश्वशान्तिका लागि मानवधिकार र भातृत्व महत्त्वपूर्ण रहेको बताउनु भएको थियो। बलिरहेको मैनबत्तिको संज्ञा दिंदै उहाँले विश्वशान्ति, मानवधिकार र विश्व भातृत्व एक अर्काका परिपूरक भएको बताउनु भएको थियो। साथै मानवअधिकारको सबैले पूर्ण पालन गर्नु पर्नेमा पनि उहाँले जोड दिनुभएको थियो।

त्यस्तै एम्नेस्टी इन्टरनेसनलका **अन्तर्राष्ट्रिय बोर्डका अध्यक्ष अन्जुला सिंह बासले भिडियो संदेश**मार्फत एम्नेस्टी नेपाल शाखाले आफ्नो *गभर्नेन्स* र *म्यानेजमेन्ट*मा हाँसिल गरेको स्थायित्वप्रति सन्तुष्टि व्यक्त गर्दै सुधारका पहलहरूमा उल्लेखनीय प्रगति भएको र थप सुधारका लागि नेसनल बोर्डद्वारा प्रस्तुत गरिएको विधान संशोधनको प्रस्तावलाई विचार गर्न आग्रह गर्नुभयो। उहाँले संस्था भित्रको बढ्दो विविधता र विशेषगरी निर्णय तह र नेतृत्वमा युवा र महिलाहरूको उल्लेखनीय सहभागिता र संलग्नताको प्रशंसा गर्नुभयो। नेपाल शाखाको उल्लेखनीय उपलब्धिहरूमा सुधारिएको संगठनात्मक स्वास्थ्य, अन्तरपक्षीय न्याय, लैङ्गिक न्याय, सामाजिक न्याय र जलवायु न्याय जस्ता मुद्दाहरूमा नेपाल शाखाले गरेको प्रभावकारी वकालतको उल्लेख गर्दै उहाँले नेपालको सशस्त्र द्वन्द्वका पीडितहरूलाई एम्नेस्टी नेपालको निरन्तर सहयोग, विश्वव्यापी अभियान राइट फर राइट्स अभियानमा एम्नेस्टी नेपालले पुर्याएको योगदान र सन् २०२३ मा ८,००० भन्दा बढी व्यक्तिहरूसम्म पुगी मानवअधिकार शिक्षाका गतिविधिहरू सम्पन्न गरेकोमा प्रशंसा गर्नुभयो। उहाँले एम्नेस्टी नेपालका सम्पूर्ण सदस्य, समर्थक र स्वयंसेवकहरूप्रति आभार प्रकट गर्दै सन् २०२४ मा अझ सबल र सशक्त मानवअधिकार अभियानका योजनाहरू तय गर्नका लागि प्रोत्साहन गर्दै मानवअधिकारको विश्वव्यापी चुनौतीहरूको बीचमा सामूहिक कार्यको अत्यावश्यकतामाथि जोड दिंदै आफ्नो संदेशात्मक मन्तव्य समापन गर्नुभयो।

उद्घानटन सत्रको क्रममा देहायायका अतिथि वक्ताहरूले आफ्नो शुभकमना मन्तव्य राखुभएको थियो :

**१. नेपाल जेसिसका निवर्तमान राष्ट्रिय अध्यक्ष लालमणी भण्डारी**
**२. द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी**
**३. नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष उदय जिएम**
**४. एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवलायका प्रतिनिधि बाबुराम पन्त**
**५. जिल्ला प्रशासन कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदी**
**६. एम्नेस्टी नेपालका पूर्व अध्यक्ष राजन कुइँकेल**
**७. एम्नेस्टी नेपलाका पूर्व अध्यक्ष चरण प्रसाईं**
**८. घोराही उपमहानगरपालिकाका प्रमुख नरूलाल चौधरी**
**९. लुम्बिनी प्रदेश सभाका सदस्य माननीय लोका विक**
**१०. कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय सभाका प्रमुख सचेतक माननीय अनिता देवकोटा**
**११. प्रमुख अतिथि नेपाल सरकारका प्रवक्ता तथा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा र**
**१२. एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**

शुभकामना मन्तव्यको क्रममा **नेपाल जेसिसका निवर्तमान राष्ट्रिय अध्यक्ष लालमणी भण्डारीले** दाङ जिल्लामा सबैलाई स्वागत गर्दै एम्नेस्टी इन्टरेनसन नेपालको मानवअधिकार गतिविधिहरूको प्रशंसा गर्दै अहिले विश्वव्यापी

रूपमा विभिन्न द्वन्द्वका कारण मानवअधिकारको हनन् भइरहेको उल्लेख गर्नुभयो। नेपालमा पनि मानवअधिकारका थुप्रै चुनौतीहरू रहेको बताउनु भयो। मानवअधिकारको सम्मान र संरक्षणमा अझ धेरै गर्न बाँकी रहेको औंल्याउँदै कर्तव्यका सवलामा पनि उत्तिकै जागरूक रहनुपर्ने र सोको लागि पनि शिक्षात्मक र चेतनामूलक अभियानहरू अगाडि बढाउनपर्नेमा जोड दिनुभयो।

यसपछि **द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष** तथा द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकार स्थापित गर्ने सङ्घर्षमा विगत दशकौंदेखि अभियानरत रही नेतृत्वदायी भूमिका निभाइरहनुभएका **सुमन अधिकारी**ले ३२औं साधारण सभाको पूर्ण सफलताका साथै परिणाममूखी अभियान सञ्चालन गर्न एम्नेस्टी नेपाललाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो। द्वन्द्वपीडितको हैसियतमा नेपालमा द्वन्द्वकालमा मानवअधिकार उल्लङ्घनबाट पीडित भएका हजारौं नागरिकहरूको न्यायको सङ्घर्षमा लागेको यति धेरै समय हुँदा पनि र विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा हुँदा समेत सरकारले उक्त शान्ति सम्झौताअन्तर्गतका प्रतिबद्धताहरू पूरा नगरेको र आफूहरूलाई बेवास्ता गरेको दुखेसो राख्नुभयो। द्वन्द्वपीडितलाई धेरै नै उपेक्षित गरिएको, विश्वसनीय आयोग नबनाइएको, ऐन संशोधनमा पनि चरम राजनीतिकरण गरिएको विचार राख्दै द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनको सवालमा तत्काल समाधानका लागि माननीय मन्त्रीज्यूको ध्यानाकर्षण गर्दै औषधि उपचारसमेत नपाएर मर्न बाध्य भइरहेका पीडितको न्याय र जवाफदेहिताका याचनालाई संबोधन गर्न माग गर्नुभएको थियो। साथै एम्नेस्टी नेपालसँग आगामी दिनका विभिन्न मानवअधिकारका अभियान र गतिविधिहरूमा आफूहरू सङ्गै रहेको जनाउँदै थप सक्रियताका साथ सहकार्य गर्ने प्रतिबद्धता पनि जनाउनुभएको थियो।

**नेपाल पत्रकार महासङ्घका उपाध्यक्ष उदय जिएमले** दाङमा सबैलाई स्वागत गर्दै पत्रकार महासङ्घका अध्यक्ष बिपुल पोखेल पनि दाङ जिल्लाकै रहनुभएको तर विशेष कारणवस उहाँ उपस्थित हुन नसक्नुभएको स्मरण गराउनु भयो। मानवअधिकारका सवालमा विगत र वर्तमानमा एम्नेस्टी नेपालको योगदानको स्मरण गर्दै अफ्ठ्यारो अवस्थामा खबरदारी गर्ने पत्रकार र मानवअधिकार जगत नै रहेको प्रसङ्ग जोड्दै एक अर्कामा सहकार्य गर्दै आगामी दिनमा अघि बढ्न सकियोस् भन्दै ३२ औं साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो।

त्यसपछि **अन्तर्राष्ट्रिय सचिवलायका प्रतिनिधि बाबुराम पन्तले** ३२ औं साधारण सभामा उपस्थित हुन पाउँदा खुशी लागेको व्यक्त गर्दै अन्तर्राष्ट्रिय सचिवलायको तर्फबाट एम्नेस्टी नेपाललाई धन्यवाद व्यक्त गर्नुभयो। एम्नेस्टी नेपालको गभर्नेन्स र अन्य संस्थागत प्रणालीको सुधारका साथै अहिलेको भूराजनीतिले असर पारिरहेको मानवअधिकारको अवस्थामा सो भूराजनीतिको छालले अबको अन्तर्राष्ट्रिय कानुन र मानवीयक कानुनलाई कुन दिशा र स्वरूपमा लाने हो भन्ने सवालमा चनाखो हुँदै हाम्रो लक्ष्य हाँसिल गर्नका लागि आवश्यकताअनुसारको संस्थागत लचकता र पहिचानमा पनि एम्नेस्टी नेपालले विमर्श गर्नेछ भन्ने अपेक्षा लिएको उहाँले बताउनुभयो। साथै मेम्बरसिप रिफर्म र अन्य संस्थागत सुधारका लागि एम्नेस्टी नेपालले अघि सारेका कार्ययोजनामा आवश्यक सहयोगका लागि अन्तर्राष्ट्रिय सचिवालय सँधै प्रतिबद्ध रहेको पनि जानकारी गराउनुभयो।

**जिल्ला प्रशासन कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदी**ले आफ्नो मन्तव्य राख्दै नेपाल र विश्वभरीको मानवअधिकारको संरक्षण र संवर्धनमा लामो समयदेखि अभियानरत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको ३२ औं साधारण सभाको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो। मानवअधिकारको

क्षेत्रमा संस्थाले विगत लामो समयदेखि महत्त्वपूर्ण योगदान गरेको उल्लेख गर्नुहुँदै सो योगदानलाई अझ मजबुत बनाउन सबै सदस्यहरूमा थप उर्जा, उत्प्रेरणा र हौसला यस साधारण सभाले प्रदान गर्ने उहाँले विश्वास लिनुभयो। पछिल्लो समयमा नेपालमा जारी भएको नया संविधानमा मानवअधिकारका धेरै सवालहरू समावेश भएको भएपनि तेश्रो पुस्ताका कतिपय मानवअधिकारहरूलाई नागरिक तहमा अनुभूत गराउने सवालमा प्रमुख चुनौती र समस्याहरू अहिले पनि उस्तै रहेको बताउँदै उहाँले दैनिक जीवनमा संविधान र कानुनमा रहेका प्रावधानहरूको नागरिकले उपभोग गर्न सक्ने वातावरणका लागि धेरै कुरा गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो। साक्षारता र प्रतिव्यक्ति आयमा वृद्धि भएपनि सामाजिक अपराधमा पनि वृद्धि भइरहेको अवस्थालाई मानवअधिकार शिक्षाको अभावले थप जटिल बनाएको बताउँदै घर, परिवार, विद्यालय र अन्य सार्वजनिक निकायमा समेत मानवअधिकार शिक्षाका माध्यमबाट मानवअधिकारको संस्कृति जगेर्ना गर्न सबै लागि पर्नुपर्ने कुरा पनि औंल्याउनुभयो। साथै कानुन कार्यान्वयन गर्ने निकायहरूले नागरिक सङ्घ संस्था र नागरिकसँग हातेमालो गर्दै अघि बढ्नुपर्ने पनि उहाँले बताउनुभयो। अधिकारको कुरा गर्दा सबैले अरूको अधिकार तथा आफ्नो कर्तव्यको पनि ख्याल गर्नुपर्ने विषयलाई जोड्दै दाङ जिल्लामा आयोजना गरिएको ३२ साधारण सभाको पूर्ण सुरक्षामा आश्वस्त रहन आग्रह गर्दै सभाको सफलताको शुभकामना व्यक्त गर्नुभयो।

**एम्नेस्टी नेपालका पूर्व अध्यक्ष राजन कुइँकेलले** मानवअधिकारका चुनौतीका सवालमा आफ्नो मन्तव्य राख्नुभयो। खासगरी द्वन्द्वकालमा बेपत्ता पारिएका, हत्या गरिएका लगायत अन्य गम्भीर मानवअधिकार उल्लङ्घनका विषयलाई निकै लामो समयसम्म संबोधन नगरिएकोले देशको प्रतिष्ठामा प्रश्न चिन्ह आएको उल्लेख गर्दै छिटो भन्दा छिटो यो विषयलाई टुङ्ग्याउने दिशामा काम गर्न सरकारलाई आग्रह गर्नुभयो। त्यस्तै अभिव्यक्ति स्वतन्त्रता नै कुण्ठित गर्नेगरी टिकटिक लगायतका सामाजिक सञ्जाल बन्द गर्ने जस्ता कदमले लोकतन्त्र र मानवअधिकारमाथि खतराका सङ्केत र सूचक देखिएको बताउनुभयो। संविधानमा उल्लेख भएबमोजिम नै अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्ने दिशामा कार्य गर्न उहाँले सरकारलाई खबरदारी गर्नुभयो। दण्डहीनता, लैङ्गिक अन्याय, भ्रष्टाचार, विधिको शासनलगायतका सवालमा पनि उहाँले प्रश्न उठाउनुभयो। त्यस्तै किसान र सर्वसाधारणको अत्यावश्यक सामग्री मल, खाद्यान्न, चिनी जस्ता वस्तुहरू उपलब्ध गराउन नसकेकोमा पनि उहाँले सरकारको आलोचना गर्नुभयो। त्यसपछि गाजा र युक्रेन लगायतका वैश्विक द्वन्द्वहरूबाट सिर्जिएका चरम मानवअधिकार उल्लङ्घनका सवालहरूमा निरपक्ष नरही आवाज बुलन्द गर्न र अन्यायको विपक्षमा उभिन उहाँले सरकार र सबै अभियन्ताहरूलाई आग्रह गर्नुभयो।

**एम्नेस्टी नेपलाका पूर्व अध्यक्ष चरण प्रसाईंले** ३२ औं साधारण सभा एम्नेस्टीका लागि ऐतिहासिक हुन लागेको बताउनुभयो। यो साधारण सभाले एम्नेस्टी नेपालको अनुहार बदल्न लागेको र नया आयाम देखा पर्न लागिरहेको उहाँले बताउनुभयो। संस्थाले अग्रगामी दिशामा अगाडि बढ्दै एउटा परिवर्तनको प्रयास गरिरहेको पनि उहाँले बताउनु भयो। परिवर्तन सहज नहुने तर त्यो अपरिहार्य रहेको कुरा उल्लेख गर्नुहुँदै जुन "रिफर्म"को काम भइरहेको छ साधारण सभाबाट त्यो सहज, सबैले अङ्गिकार गर्ने खालको बनोस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो। नेपाल सरकारका प्रवक्ता तथा माननीय सञ्चार तथा सूचना मन्त्री रेखा शर्मालाई संबोधन गर्दै "सरकारको प्रवक्ता भनेको आम नागरिकको पनि प्रवक्ता भएकोले एम्नेस्टीको यस सभामा हामीले तपाईंलाई सङ्क्रमणकालीन न्यायसम्बन्धी बुझाई राख्ने जुन सौभाग्य पाएका छौं त्यसलाई सुनेर" सरकारसमक्ष पुर्याइदिनका लागि अनुरोध गर्नुभयो। उहाँले हाम्रो मुलुक सहमतिको राजनीतिबाट पीडित भएको र सङ्क्रमणकालीन न्याय पनि त्यसैबाट पिल्सिएको बताउनुभयो। सहमतिको राजनीति मात्रै सफलता नभएको जनाउँदै सहमतिमा ल्याइएको बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग

ऐन, २०७१ र सहमतिमै दुई दुई पटक गठन गरिएका सत्य आयोग र बेपत्ता आयोगहरू कामयावी हुन नसकेको दृष्टान्त पेश गर्नुभयो। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले संसदमा संवोधन गर्नुको उद्देश्य भनेको संयुक्त राष्ट्र सङ्घको मापदण्डअनुरूप कानुन र संयन्त्रहरू बन्ने छन् भन्ने अपेक्षा गरिएको जनाउँदै गुटेरेसले त्यसो भएमा मात्र संयुक्त राष्ट्र सङ्घले सहयोग गर्छ भन्नुभएको स्मरण गराउनु भयो। सर्वोच्च अदालतको आदेश, संयुक्त राष्ट्रसङ्घको मापदण्ड र पीडित समुदायको आवश्यकतालाई मुटुमा राखेर काम गर्नुपर्ने पनि उहाँले औंल्याउनुभयो। र त्यस विन्दुमा सहमति खोज्न पनि अनुरोध गर्नुभयो। साथै सङ्क्रमणकालीन न्याय प्रकृयाको सफलताको पूर्व शर्त भनेको पीडित परिवारको विश्वास रहेको जनाउँदै आयोगहरू गठन गर्ने क्रममा विश्वसनीय प्रकृया अवलम्वन गर्न अनुरोध गर्नुभयो। आयुक्तहरूको नियुक्तिका लागि गठन गरिने सिफारिस समितिमा नै समस्या रहेको उहाँले औंल्याउनुभयो। सर्वोच्च अदालतको पूर्व प्रधानन्यायाधीश, राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष वा निजले तोकेको प्रतिनिधि र नागरिक समाजका अन्य तीन जना व्यक्ति उक्त समितिको अध्यक्ष र सदस्य रहने हालको कानुनी व्यवस्थालाई उल्लेख गर्दै त्यो अपर्याप्त रहेको र त्यसमा एकजना सदस्य सर्वोच्च अदालतकै पूर्व न्यायाधीश रहनुपर्ने र तीन जना न्यायाधीश भएपछि स्वतन्त्रपूर्वक न्यायिक मन प्रयोग गरी निर्णय लिने कुराले राम्रो हुन सक्ने बताउनुभयो। साथै सरकार पीडित मैत्री बन्नुपर्ने र उसले पीडितको संवेदनशीलतालाई बुझ्नुपर्ने विषयमा जोड दिनुभयो। सङ्क्रमणकालीन न्याय मात्र नभएर भर्खरै गएको भूकम्प पीडितको सवालमा पनि सरकार संवेदनशील बन्नुपर्ने उहाँले जनाउनुभयो। चिसोको कारणले सुत्केरी महिला र वृद्धको मृत्युप्रति उहाँले चासो व्यक्त गर्नुभयो। शासकले शासन शैलीमा ख्याल गर्नुपर्ने र अहिले गणतन्त्र नेता, कार्यकर्ता र दलहरूलाई मात्र आएको जस्तो भइरहेको र यो सुखद् नभएको बताउनुभयो। जनतालाई सुशासन चाहिएको, भ्रस्टाचार मुक्त समाज चाहिएको तर मुख थुन्ने, बाटो हिँड्न नदिने, शान्तिपूर्ण भेला हुन नदिने सरकार नचाहिएको बताउनुभयो। एम्नेस्टी इन्टरनेसनलले अहिले विरोध गर्न पाउने अधिकार (Right to Protest) सम्बन्धी विश्वव्यापी अभियान चलाइरहेको दृष्टान्त राख्दै विरोध प्रदर्शन गर्ने अधिकारको संरक्षण गर्ने यो अभियानको मूख्य उद्देश्य रहेको जनाउँदै नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रता र भेला हुने स्वतन्त्रताको सम्मान गर्न सरकारलाई अनुरोध गर्नुभयो। साथै दाङ जिल्लामा मानवअधिकार संस्कृतिको जगेर्ना गर्न प्रमुख जिल्ला अधिकारी, मेयर, मन्त्रीलगायत सबैले सकारात्मक भूमिका खेल्नुहुने विश्वास राख्दै भोलिका दिनमा मानवअधिकार संस्कृतिको सम्मान र प्रवर्धनमा दाङ जिल्ला नेपालमा नै नमुना बनोस् भन्ने शुभकामन व्यक्त गर्नुभयो।

**घोराही उपमहानगरपालिकाका प्रमुख नरूलाल चौधरीले** साधारण सभाका अतिथि र सहभागी सबैलाई उपमहानगरपालिका र आफ्नो तर्फबाट स्वागत गर्दै सभाको पूर्ण सफलताको कामना गर्नुभयो। घोराहीमा महत्त्वपूर्ण कार्यक्रम गरेर आफूलाई गौरवान्वित बनाइदिएकोमा एम्नेस्टीलाई धन्यवाद पनि व्यक्त गर्नुभयो। मानवअधिकारको क्षेत्रमा एम्नेस्टीले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको पनि जनाउनुभयो। अहिले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको व्यवस्थामा हामी रहेको र नयाँ संविधान २०७२ लाई कार्यान्वयन गरिरहेको र संविधानले सबैको अधिकारलाई सुनिश्चितता प्रदान गरेको अवस्था रहेको तर कार्यान्वियनमा सरकार नै मुख्य रूपमा जिम्मेवार रहेको सबै नागरिक र सत्ताको नेतृत्व गर्ने सबै जनप्रतिनिधिले बुझेको उहाँले बताउनुभयो। यद्यपि विगतका घटनाहरूले अझै सताइरहेको र द्वन्द्वकालका ज्यादतीहरूमा नागरिकले न्याय पाउन नसकिरहेको यथार्थलाई कोट्याउँदै नागरिकले न्याय पाउनेतर्फ छिटो छरितो काम अगाडि बढाइयोस् भन्ने अनुरोध गर्नुभयो। न्याय होस् र भोलि यस्तो कहिल्यै नहोस् भन्ने नै हामीले चाहेको उहाँले बताउनुभयो। मानव समाज सभ्य र शान्तिपूर्ण होस् भन्ने सबैको चाहना हुने नै हो र त्यसको नेतृत्व स्वयं सरकारले नै गर्ने हो।

अहिले नेपालमा तीन तहको सरकार छ र घोराही उपमहानगरपालिकाको स्थानीय सरकारको नेतृत्व स्वयं आफैले गरिरहेको बताउँदै आफूले घोराहीमा गरेका केही सकरात्मक पहलहरूको बारेमा जानकारी गराउनुभयो। मानव कल्याण भन्ने संस्थासँग समन्वय गरेर घोराही उपमहानगरपालिकाको वडा नं १० मा असहाय र अशक्तका लागि आवास र खानपिनको व्यवस्था गरी अहिले कसैले हात थाप्दै माग्दै हिंड्ने अवस्थाको अन्त्य गरिएको, शान्ति बालगृहसँग सहकार्य गरेर सबै अनाथ बालबालिकालाई पढ्ने, लेख्ने, बस्ने, खाने व्यवस्था गरिएको, घोराहीको वडा नं २ शान्तिघाटमा छाडा गाईको व्यवस्थापन गरिएको उल्लेख गर्नुभयो। मानवअधिकारका सवाललाई संबोधन गर्न आफूहरू सचेत रहेको र कहीं कतैबाट देखिन आएका गुनासाहरूलाई समेत संबोधन गर्ने अभिलाशा आफूले लिएको बताउनुभयो। सङ्घ र प्रदेश सरकार बढी जिम्मेवार हुन आवश्यक रहेको पनि उहाँले बताउनुभयो। नकारात्मता, छाडापन र अराजकतालाई पनि संबोधन गर्दै हाम्रो व्यवस्थालाई थप सुदृढ गर्दै तीनवटै सरकार सबल र सक्षम भएर अगाडि बढ्नुपर्ने जनाउनुभयो। ऐन कानुनको सामयिक विकास र प्रभावकारी कार्यान्वयनमा सङ्घ र प्रदेश सरकारलाई विशेष अनुरोध गर्दै आफ्नो तर्फबाट गर्नुपर्ने सबै जिम्मेवारी पूरा गर्ने बताउँदै उहाँले सभामा उपस्थित सबैलाई घोराहीमा निर्माण गरिएका कृतिम जलाशय लगयातका अन्य पर्यटकीय धार्मिक र साँस्कृतिक स्थलहरूको भ्रमण गर्न अनुरोध पनि गर्नुभयो।

त्यसपछि महासचिव कुईंकेलले उद्घाटन सत्रको समापनमा थारू नृत्य प्रस्तुत गरिने जानकारी गराउनुहुँदै अब **सम्मान कार्यक्रम** रहेको जानकारी गराउनुभयो। सम्मान कार्यक्रमअन्तर्गत एम्नेस्टी नेपालमा आबद्ध रहेका समूह र युथनेटवर्कहरूमध्येमा आर्थिक वर्ष २०७९/८० मा **सबैभन्दा बढी सदस्यता भएको** युथनेटवर्क **रामपुर युथनेटवर्क, चितवन**लाई सम्मान गरिएको र सम्मान ग्रहण गरिदिनका लागि उक्त नेटवर्कका प्रतिनिधिहरू **आकृति तिवारी र प्रभात गौतम**लाई स्टेजमा आमन्त्रण गर्नुभयो। प्रमुख अतिथि माननीय मन्त्री रेखा शर्माले उहाँहरूलाई सम्मान पत्र र पुरस्कार प्रदान गर्दै सम्मान गर्नुभयो। त्यसैगरी सन् **२०२२ को राइट फर राइट्स् अभियानमा सबैभन्दा बढी पिटिसन सङ्कलन गरेको समूह ५५ पनौतीका प्रतिनिधि गिता तिमिल्सिना र सरिता शर्मालाई** सम्मान ग्रहण गरिदिनका लागि स्टेजमा आमन्त्रण गर्नुभयो। प्रमुख अतिथि माननीय मन्त्री रेखा शर्माले उहाँहरूलाई सम्मान पत्र र पुरस्कार प्रदान गर्दै सम्मान गर्नुभयो। त्यस्तै आर्थिक वर्ष २०७९/८० मा **सबैभन्दा बढी मानवअधिकार शिक्षा कार्यक्रम आयोजना गरी मानवअधिकारसम्बन्धी सचेतना अभिवृद्धिमा उत्कृष्ट योगदान पुर्याउने पकलिहवा युथनेटवर्कका प्रनिनिधिहरू सलोनी नुच्छे प्रधान, अभियाँसु भट्टराई र अजित प्रसाद यादव**लाई सम्मान ग्रहण गरिदिनका लागि स्टेजमा आमन्त्रण गर्नुभयो। प्रमुख अतिथि माननीय मन्त्री रेखा शर्माले उहाँहरूलाई सम्मान पत्र र पुरस्कार प्रदान गर्दै सम्मान गर्नुभयो।

सम्मान कार्यक्रमपछि **लुम्बिनी प्रदेश सभाका सदस्य माननीय लोका विक**ले आफ्नो मन्तव्य राख्नुहुँदै दाङ जिल्लामा उपस्थित हुनुभएका सबै सहभागीहरूलाई स्वागत गर्दै साधारण सभाको सफलताको कामना गर्नुभयो। मानवअधिकारको क्षेत्रमा काम गर्ने एम्नेस्टी इन्टरनेसनलले नेपालको सन्दभर्मा पनि महत्त्वपूर्ण काम गरेको कुरा उहाँले राख्नुभयो। राज्यको दृष्टि नपुगेको वा राज्यका निकायद्वारा गल्ती कमजोरी भएको अवस्थामा एम्नेस्टी जस्ता नागरिक संघ संस्थाहरूले नै झकझकाउने काम गर्नुपर्ने उहाँले बताउनुभयो। लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था लागू भएयता नागरिकहरूको अधिकार सुनिश्चित गर्ने कुरामा धेरै उपलब्धी हाँसिल भइसकेको भएपनि केही चुनौतीहरू अझै रहेको र सुशासन र समृद्धिका लागि आम नागरिकले आफ्नो कर्तव्य बोध समेत गरी आफ्नो अधिकार प्राप्तिको कर्ममा लाग्नुपर्ने विचार राख्नुभयो। द्वन्द्वपीडितहरूलाई न्याय दिने देखि लिएर समाजका सीमान्तकृत र पछाडि पारिएका वर्गहरू विशेषगरी दलित, जनजाति, महिला र

बालबालिकाको सशक्तिकरण र अधिकार बहाली अझै हुन नसकेको चर्चा गर्दै यस सवालमा राज्यको अहं दायित्व र जिम्मेवारी रहने र नागरिक समाजले पनि पहरेदारी गरिराख्नुपर्ने उहाँले बताउनुभयो।

**उद्घाटन सत्र कार्यक्रमका विशिष्ट अतिथि राष्ट्रिय सभाका नेपाली काँग्रेस प्रमुख सचेतक माननीय अनिता देवकोटा**ले एम्नेस्टी इन्टरनेसनल नेपालको ३२ औं साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्दै यस साधारण सभाले सम्पूर्ण नागरिकहरूको मानवअधिकार संरक्षण र प्रवर्धनका लागि सबैमा नया उमंग र उत्साहको रक्तसञ्चार गर्ने विश्वास लिएको बताउनुभयो। विगतको कार्यक्रमको समीक्षा गरी आगामी कार्यक्रमहरूको निर्धारण गर्ने सवालमा साधारणसभा पूर्ण सफल हुने पनि उहाँले विश्वास गर्नुभयो। लुम्बिनी प्रदेशको घोराहीमा साधारण सभा स्थल चयन गरेकोमा र दाङकै युवा बिपिन बुढाथोकीलाई संस्थाको नेतृत्व गर्ने अवसर प्रदान गरेकोमा उहाँले संस्थाका सदस्यहरूको मुक्तकण्ठाले प्रशंसा गर्नुभयो। मानवअधिकार र सुशानको बृहत्तर अभियानहरूमा एम्नेस्टीले नविनतम् स्वरूप दिएर काम गर्दै आएको पनि उहाँले उल्लेख गर्नुभयो। अहिले विधि मिचेर सहमतिका आधारमा राज गर्ने परिपाटीका कारणले गर्दा विसंगती र विकृतिका साथै आम नागरिकमा कुण्ठा पैदा भएको चर्चा गर्दै विधि र विधानलाई सुदृढ बनाउन आवश्यक रहेको जनाउनुभयो। उहाँले हमासको नियन्त्रणमा रहेका बिपिन जोशीको सकुशल र शीघ्र रिहाइका लागि सबैले पहल गर्न अनुरोध गर्दै जाजरकोट र रूकुमका भूकम्पपीडितहरूको राहत र उद्धारमा जिम्मेवारीपूर्वक काम गर्न र नागरिकहरूको चिसोका कारण मृत्यु भइरहेको सुन्नुपर्ने दुःखदायी अवस्थालाई अन्त्य गर्न सरकारले स्थानीय तहसँग समन्वय गरेर शीघ्र राहत र सहायता कार्यक्रम अगाडि बढाउनुपर्ने आवश्यकता रहेको जनाउनु भयो। साथै सङ्क्रमणकालीन न्याय यतिका लामो समय सम्म पनि टुङ्गोमा नपुग्नु गम्भीर विषय रहेको चर्चा गर्दै ढिलो न्याय भनेको न्याय नपाउनु सरह रहेकोले पीडितहरूको सत्य, न्याय र परिपूरणको अधिकारलाई यथाशीघ्र संबोधन गर्नु पर्ने कुरामा राज्यको ध्यानाकर्षण गराउनुभयो। सुशान (good governance)का सवालमा कुरा गर्दा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारको काम कारबाही र तिनका प्रभावकारीताका सवालमा देखिएका चुनौती खासगरी प्रदेशले सङ्घले अधिकार दिएन भनेर भन्ने र स्थानीय तहले प्रदेशले अधिकार दिएन भन्ने जुन अवस्था छ त्यसका सवालमा वास्तविकता के हो भन्ने जान्ने उद्देश्यले राष्ट्रिय सभामा आफ्नै संयोजकत्वमा संविधानतः कतिवटा कानुन बन्न बाँकि रहेछ भनेर अध्ययन गर्दा १८१ वटा कानुन बन्न बाँकी रहेको जानकारी गराउनु भयो। स्थानीय सरकारले छ वटा, प्रदेश सरकारले २४ वटा र सङ्घीय सरकारले ४० वटा कानुन बनाउनुपर्ने रहेको जानकारी गराउनुभयो। सरकारलाई उक्त प्रतिवेदन बुझाएर सङ्घीय गणतन्त्रमा निराशा र कुण्ठा छाएको, गाडि किन्ने तर पेट्रोल नहाल्ने र ड्राइभर नराख्ने जस्तो व्यवहारले सही निकास दिन नसक्ने भन्दै संविधानअनुसार कानुन निर्माण गरेनौं भने सरकारले औजार प्राप्त गर्न नसक्ने र विधिका माध्यमबाट राज्य सञ्चालन हुन नसक्ने भएकोले तदारूकताका साथ कानुन निर्माण गर्न सकिएमा मात्रै सङ्घीय गणातान्त्रिक लोकतन्त्रले आफ्नो गति लिन सक्ने भनी सुझाव दिएको बताउनुभ भयो। गएको अधिवेसनबाट जम्मा एउटा मात्र विधेयक (अनुचित लेनदेनसम्बन्धी) पारित भएको बताउनुहुँदै उहाँले यस्तो धिमा गतिले समस्या संबोधन नहुने बताउनुभयो। साथै सरकार र सरकारी संयन्त्रहरू आफ्नो कर्तव्य पालनामा चुक्न नहुने पनि बताउनुभयो। राष्ट्रिय सभाको एउटा नियमावलीमा तर्जुमा भएका कानुनहरूको कार्यान्वयन भए नभएको परीक्षण हुनु पर्छ भन्ने व्यवस्था गरिएको जानकारी गराउनुभयो। उहाँले यसमा एम्नेस्टी इन्टरनेसनलसँग सहकार्यका लागि पनि अनुरोध गर्नुभयो। खासगरी भएका कानुन प्रभाकारी छन् वा छैनन्, कहाँ सुधार गर्नु पर्ने छ भन्ने कुराको निक्यौंल गर्नुका साथै मस्यौदा गर्नुपर्ने कानुनहरूको तर्जुमा गर्नका लागि एम्नेस्टीसँग सहकार्य गर्न राष्ट्रिय सभा तयार रहेको पनि जानकारी गराउनुभयो। विधिलाई नै सर्वोपरी मान्ने संस्कारको विकास र जगेर्ना

गर्न हामी सबै लागौं भन्दै दाङमा पुनः सबैलाई स्वागत गर्दै सकरात्मक विचारका साथ सुन्दर, सुशासनयुक्त, हिंसा र विभेदरहित समाज निर्माणमा सबैलाई थप योगदानको लागि शुभकामना व्यक्त गर्नुभयो।

**३२औं साधारण सभाका प्रमुख अतिथि नेपाल सरकारका प्रवक्ता तथा माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मा**ले एम्नेस्टी इन्टरनेसनल नेपालको ३२ औं साधारण सभाको भव्य सफलताको शुभकामना व्यक्त गर्नुभयो। दाङमा यो सभा गर्ने निर्णय गरेकोमा पनि संस्थाको नेतृत्वलाई धन्यवाद व्यक्त गर्नुभयो। एम्नेस्टी नेपालले मानवअधिकारका क्षेत्रमा धेरै लामो समयदेखि काम गरेको र अहिले ३२ औं साधारण सभा गर्दै गरेको उल्लखे गर्दै जुनबेला निरंकुश शासन थियो र नागरिक अधिकारहरू कुण्ठित थिए त्यस समयदेखि नै नेपालमा मानवअधिकार, लोकतन्त्र र विधिको शासन बहालीका लागि यस संस्थाले निकै ठूलो योगदान गरेको बताउनुभयो। "आस्थाका बन्दीहरूको रिहाई, यातनाको अन्त्य, मृत्युदण्डको कानुनको खारेजीलगायतको अभियानमा यहाँहरूले जुन अभियान चलाउनुभयो त्यसले एउटा राम्रो प्रतिफल दिएको, सकरात्मक उर्जा हाँसिल गरेको र अहिले तपाईं हामी सबैको प्रयत्नले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको" उहाँले बताउनुभयो। राजनीतिक दलहरूले मात्र यो संभव नभएको र यसमा मिडिमा, मानवअधिकारकर्मी, अरू नागरिक समुदायहरूको भूमिकाका साथै सिङ्गो देश जुरूक्क उठेपछि मात्र हाम्रो देशमा लोकतन्त्र स्थापना भएको स्मरण गर्नुभयो। देशमा लोकतन्त्र स्थापना भएपछि संविधान सभामार्फत नया संविधान जारी भएको र यो संविधानको मौलिक हकमा उल्लेख गरिएका सबै हकहरूको कार्यान्वयन भएको अवस्थामा नेपालमा मानवअधिकार व्यापक रूपमा उपभोग भएको अवस्था हुनेछ भन्ने विचार व्यक्त गर्नुभयो। तर अहिले पनि बनेका कैयन कानुनहरूको कार्यान्वयनको अभाव र बन्नुपर्ने कानुनहरू बन्नमा भएको ढिलाइले गर्दा पनि संविधानमा उल्लेख गरिएका अधिकारहरूको व्यवहारिक कार्यान्वयन र प्रयोग गर्न नसकिएको बताउनुभयो। जुन ढङ्गमा प्रश्नहरू उठाउनुभएको छ त्यसको जवाफ र जिम्मेवारी सरकारले नै लिने हो भन्ने सवालमा कुनै द्विविधा नभएको तर यसमा हामी सबै सिङ्गो समाज पनि एकजुट हुनुपर्ने उहाँले बताउनु भयो। उठेका दुई तीनवटा महत्त्वपूर्ण विषयमा साङ्गपाङ्गो छलफल अहिले नै सम्भव नहुने र बन्द सत्रमा समेत यी विषयहरूमा सघन छलफल हुने नै छ भन्ने विश्वास व्यक्त गर्दै उहाँले सबैभन्दा चर्को मानवअधिकारको सवालको रूपमा रहेको सङ्क्रमणकालीन न्यायको विषयलाई जुन गम्भीरताका साथ उठाउनुभएको छ "म सूचना मन्त्रीको हैसियतमा अहिले जिम्मेवारीमा रहेको भएपनि यो सङ्क्रमणकालीन न्यायको मुद्दा मेरो आफ्नो पनि भएको" बताउनुभयो। २०५८ सालमा आफू एक वर्ष सैनिक हिरासतमा चरम मानसिक र शारिरिक यातनाको भोगाईका साथ बसेको स्मरण गर्दै त्यस समय मानवअधिकार संघ संस्था र अधिकारकर्मीहरूले जसरी आवाज उठाउनुभयो र खबरदारी गर्नुभयो त्यसप्रति आफ्नो अगाध सम्मान रहेको जनाउनु भयो। अहिले आफूले नै सङ्क्रमणलीन न्यायसम्बन्धी विधेयक संसदमा टेबल गर्ने जिम्मेवारी पाएको, संसदमा दुवै तर्फबाट पीडित हुनुभएकाहरू नै पनि सांसदका रूपमा रहनुभएको र त्यहाँ एकखालको भावोत्तेजक माहोल समेत बनेको, यो विषयको निकासमा वास्तवमै निकै ढिलाई भएको विचार राख्दै अघिल्लो संसद्ले छलफलका प्रकृयाबाट विषयवस्तु नटुङ्ग्याउँदै संसदको म्याद सकिएको र अहिले फेरी प्रकृया अघि बढेको जनाउनुभयो। प्रधानमन्त्री स्वयंले गम्भीरताका साथ यस विषयमा संवाद गरिरहनुभएको र कतिपय विषय सक्दो राष्ट्रिय सहमतिमा अघि बढाउँदा सर्वोत्तम हुने भएकोले त्यसैअनुसारको गृहकार्य भइरहेको बताउनुभयो। साथै यो विषय संसदको विषयगत समितिको उपसमितिबाट समेत टुङ्गिएर अघि बढिसकेको पनि बताउनुभयो। केही नमिलेका विषयहरूलाई सर्वोच्च अदालतको फैसला, हाम्रा अभ्यास र मान्यताका आधारमा टुङ्ग्याउनुपर्छ भन्नेमा सबैको एकमत रहेको छ। अलिकति मत नमिलेको ठाउँ भनेको सङ्क्रमणकालीन न्यायलाई परंपरागत न्याय प्रणाली

कै तहमा वा अलिकति फरक र सङ्क्रमणकालीन न्यायकै आँखामा हेर्ने भन्ने विषय रहेको पनि उहाँले बताउनुभयो। र यसमा तिब्रताका साथ छलफलहरू भइरहेको र संसदको आगामी अधिवेसनबाट यो विधेयक सहमतिमा नै टुङ्गिने छ, टुङ्ग्याउनुपर्छ भनेर सरकार लागिरहेको र यदि सहमतिमा नभए विधिकै आधारबाट भएपनि यो मुद्दालाई टुङ्ग्याउनुपर्ने भन्दै यो विषय सरकारको पहिलो प्राथमिकताको विषय रहेको बताउनुभयो। लैङ्गिक र जातिय विभेदका मुद्दा, भूकम्पपीडित र त्यसमा पनि जोखिममा रहेका महिला, अपाङ्गता भएका व्यक्तिहरूको सवालमा पनि काम गर्नुपर्ने आवश्यकताको चर्चा गर्नुभयो। सरकारले गर्न नसकेका केही सरोकारका विषयहरूमा उठेका विषयहरूलाई सहज रूपमा लिने उहाँले बताउनुभयो। व्यवस्था जोगाउने र सुदृढ बनाउने जिम्मेवारी "हामी सबैको" भएको र विगतको निरंकुशतामा फर्कने आवाज सैह्य नहुने व्यक्त गर्दै उहाँले गलत गर्नेहरूलाई यही व्यवस्था र विधिले दण्डित गर्ने जनाउनुभयो। साथै लोकतन्त्र भनेको सही र उचित सूचना प्रवाह गर्नु र जे मन लाग्यो त्यही गर्नु नभएको जनाउँदै टिकटिक बन्द गर्नुको उद्देश्यलाई लोकतन्त्र विरोधी विषयको रूपमा नलिन अनुरोध गर्नुभयो। अत्यधिक उच्छृङ्खल र छाडापनलाई नियमन गरी हाम्रो मौलिकता जोगाउने र नकारात्मकताको संबोधनका लागि यो गरिएको जनाउनु भयो। यदि उत्तम विकल्प छ भने सो सुझाइदिन पनि अनुरोध गर्नुभयो। अन्त्यमा उहाँले व्यक्तिगत रूपमा मानवअधिकार संस्थाप्रति आफ्नो अगाध श्रद्धा रहेको जनाउनु भयो।

प्रमुख अतिथिको मन्तव्यपछि **एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**ले नागरिक समाज दाङका सचिव नारायण श्रेष्ठ, दाङ उद्योग बाणिज्य सङ्घका सचिव महेन्द्र बुढाथोकी, नारायणपुर उद्योग वाणिज्य सङ्घका सचिव अभियान बस्नेत, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारी, घोराही उपमहानगरपालिकाका प्रमुख नरूलाल चौधरी, जिल्ला प्रशासन कार्यालय दाङका प्रमुख जिल्ला अधिकारी रामबन्धु सुवेदी, लुम्बिनी प्रदेश सभा सदस्य लोका विक, नेपाली काँग्रेसका राष्ट्रिय सभा सचेतक माननीय अनिता देवकोटा र प्रमुख अतिथि तथा माननीय सूचना तथा सञ्चार मन्त्री रेखा शर्मालाई मायाको चिनो प्रदान गर्नुभयो।

यसपछि **३२औं साधारणसभा तथा एम्नेस्टी नेपालका अध्यक्ष बिपिन बुढाथोकी**ले उद्घाटन सत्रको समापन मन्तव्य दिनुभयो। काँकडभिट्टादेखि कञ्चनपुरसम्मबाट दाङमा ("मेरो आफ्नो गृह जिल्ला पनि") आयोजना भइरहेको ३२औं साधारणसभामा उपस्थित हुनु भएका सबै प्रतिनिधि र अतिथिहरूलाई उहाँले स्वागत गर्नुभयो। ७५औं मानवअधिकार दिवसको सङ्घारमा रहेको अवसरमा यस हलमा ६० प्रतिशत भन्दा बढी महिलाको उपस्थितिले एम्नेस्टी नेपालमा विद्यमान समावेशी तस्बीरको चित्रण गरेको उद्धरण गर्दै एम्नेस्टी इन्टरनेसनलले राजनीतिक र नागरिक तथा आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारको संरक्षण र प्रवर्धनमा विगतदेखि हालसम्म कसरी काम गरिरहेको छ भन्ने चर्चा गर्नुभयो। पछिल्लो समय "जलवायु न्याय"को पक्षमा वकालत गरिरहेको सन्दर्भमा नेपालमा रहे देखिएका दण्डहीनता, कमजोर विधिको शासन तथा सार्वजनिक संस्था र संयन्त्रको खस्कँदो विश्वसनीयता आदिले मानवअधिकारमा चुनौतीहरू थप वृद्धि भइरहेकोले हामी सबैले अझ जागरूक र कटिबद्ध भएर अभियानमा सक्रिय हुनुको विकल्प नभएको चर्चा गर्नुभयो। ३२औं साधारण सभामा उपस्थित हुनुभएका प्रमुख अतिथि लगायत सबै अतिथि, प्रतिनिधि र पर्यवेक्षकप्रति आभारी प्रकट गर्दै उहाँले एम्नेस्टी नेपालको गभर्नेन्स र सदस्यता प्रणालीसम्बन्धी सुधारका लागि नेसनल बोर्डले एउटा प्रस्ताव पेश गरेको र त्यसमा सबैले सकारात्मक तवरमा सहयोगी भूमिका खेल्नुभई संस्थाको समुन्नत भविष्यको मार्ग चित्रण गर्नमा सहयोग गर्नुहुनेछ भन्ने विश्वास रहेको बताउनुहुँदै उद्घाटन सत्र कार्यक्रम समापन भएको जानकारी गराउनुभयो।

# बन्द सत्रको आरम्भ

## गणपूरक सङ्ख्याको जानकारी

३२ औं साधारण सभाको बन्द सत्रलाई अघि बढाउँदै बन्द सत्रका अध्यक्ष श्री बिपिन बुढाथोकीले देशभर रहेका एम्नेस्टी नेपालका समूह र युथनेटवर्कमध्येबाट एम्नेस्टी नेपालको विधान र साधारण सभा सञ्चालन नियमावलीअनुसार साधारण सभामा सहभागी हुन आवश्यक पर्ने आधार र प्रक्रिया पूरा गरेका **६५ समूह र ४६ युथनेटवर्क** (अस्तित्वमा रहेका ८३ समूह र ५५ युथनेटवर्कमध्येबाट) रहेकोमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारणसभासम्बन्धी नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को नियम १० (घ) बमोजिम मिति २०८० कार्तिक ३० गते भित्र **जम्मा ६२ समूह र ४६ युथनेटवर्कले** प्रतिनिधि तोकी यस साधारण सभामा सहभागिता हुने जनाएकोमा बन्द सत्र प्रारम्भ हुने समयसम्म जम्मा **६२ समूह र ४६ युथनेटवर्क** तथा **समर्थक सदस्यको क्लस्टरबाट दुई जना** समेत गरी **कुल २०९** जना मताधिकार प्राप्त प्रतिनिधिहरूको नाम दर्ता भएको जानकारी गराउनुभयो। सो सङ्ख्या साधारण सभामा उपस्थित रहन योग्य कूल प्रतिनिधि सङ्ख्या **(६५x२)+(४६x२)+२=२२४** को हिसाबबाट **९३.३० प्रतिशत** भएको हुँदा नियमानुसार साधारण सभा सञ्चालन गर्न गणपूरक सङ्ख्या पूरा भएको जानकारी सभालाई गराउनुभयो।

मताधिकार प्राप्त २०९ प्रतिनिधिका अलावा साधारण सभाको बन्द सत्रमा नेसनल बोर्ड र पुनरावेदन समितिका पदाधिकारी तथा सदस्यहरू ११ जना, राष्ट्रिय सचिवालयका कर्मचारीहरू १० जना, समूहका पर्यवेक्षक ३ जना, ७ जना पूर्व अध्यक्षहरू, इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य (१ जना), नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **५ जना,** एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना),** अन्तर्राष्ट्रिय सचिवालयबाट सहभागी हुनुभएका इन्टरिम क्याम्पेन्ज् डेप्युटी डाइरेक्टर बाबुराम पन्त **(१ जना),** राष्ट्रिय सचिवालयका कर्मचारी र भोलुन्टियर **(१० जना),** स्वयंसेवक **(३ जना)** लगायतको सहभागिता रहेको थियो। *(साधारण सभाका सहभागीहरूको नामदर्ता विवरण अनुसूची १ मा दिइएको छ।)*

## साधारण सभाको कार्यसूची (एजेन्डा) प्रस्तुत र अनुमोदन

गणपूरक सङ्ख्याको जानकारी पश्चात् साधारण सभाका अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डद्वारा प्रस्तावित ३२औं साधारणसभाको एजेन्डा (कार्यसूची) वाचन गरेर सुनाउनुभयो। त्यस पश्चात् सो एजेन्डाका बारेमा आफ्नो विचार राख्न वा एजेन्डा थप घट केही गर्नु पर्ने भएमा सो जानकारी गराउन सभालाई अनुरोध गर्नुभएकोमा कसैले कुनै विचार नराखेपछि उहाँले उक्त एजेन्डा अनुमोदनार्थ सभामा पेश गर्नुभयो।

प्रस्तावित कार्यसूची (एजेन्डा)मा सभाका प्रतिनिधिहरूले सर्वसम्मतिले सहमति जनाउनुभएपछि अध्यक्षले उक्त कार्यसूची (एजेण्डा) अनुमोदन भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** नेसनल बोर्डद्वारा प्रस्तुत ३२औं साधारण सभाको कार्यसूची (एजेण्डा) साधारण सभामा पेश गरिएकोमा सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गरियो।

## प्रतिवेदक र टेलरको अनुमोदन

त्यसपछि अध्यक्ष बिपिन बुढाथोकीले नेसनल बोर्डले तोकेको साधारण सभाको माइनुट लेख्ने कार्यका लागि प्रतिवेदकको रूपमा समूह १२, बुटवलका संयोजक कविन्द्र नेपाल र टियु युथ नेटवर्कका संयोजक रोशनी पाठक तथा टेलरका रूपमा राष्ट्रिय सचिवालयका कर्मचारी अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यको नाम अनुमोदनका लागि साधारण सभामा प्रस्तुत गर्नुभयो। प्रस्तावित नामहरूमा सहभागी सबै प्रतिनिधिहरूले सहमति जनाउनुभएपछि अध्यक्षले उहाँहरूको नाम साधारण सभाबाट स्वीकृत भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले समूह १२, बुटवलका संयोजक कविन्द्र नेपाल र टियु युथ नेटवर्कका संयोजक रोशनी पाठकलाई प्रतिवेदक र राष्ट्रिय सचिवालयका कर्मचारी अभियान संयोजक अस्मिता सापकोटा, मेम्बरसिप इन्चार्ज चक्र कुमार प्रधान र कार्यालय सहायक जगन्नाथ आचार्यलाई टेलरमा नियुक्त गर्ने प्रस्तावलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०७८९/८० को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत र पारित

सभाका अध्यक्ष बिपिन बुढाथोकीले निर्देशक निराजन थपलियालाई आ.व. २०७९/८० को कार्यक्रम प्रतिवेदनका बारेमा प्रस्तुति राख्न अनुरोध गर्नुभयो। निर्देशक थपलियाले संस्थाले गरेका मानवअधिकारसम्बन्धी विविध गतिविधिहरू, तिनका प्रभाव, विभिन्न व्यवस्थापकीय विषयहरू, सदस्यताको अवस्था, बोर्डसँग समबन्धित नीति निर्माण प्रकृया, संस्थागत सुधारका गतिविधि लगायतका विषयमा पाओर पोइन्टका माध्यमबाट प्रस्तुति गर्नुभयो।

उहाँको प्रस्तुति पछि उक्त प्रतिवेदनका सवालमा प्रश्न वा जिज्ञाशा राख्न अध्यक्षले सभामा उपस्थित प्रतिनिधिहरूलाई अनुरोध गर्नुभयो। कसैले पनि कुनै सवाल वा जिज्ञाशा नराखेपछि अध्यक्षले सभालाई ताली बजाई उक्त प्रतिनवेदन अनुमोदन गरिदिनुहुनका लागि अनुरोध गर्नुभयो। सभाका प्रतिनिधिहरू सबैले तालि बजाई अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले निर्देशकद्धारा प्रस्तुत आ.व. २०७९/८० को वार्षिक कार्यक्रम प्रतिवेदनलाई साधारण सभाले सर्वसम्मतिले अनुमोदन गरेको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०७९/८० को निर्देशकद्धारा प्रस्तुत वार्षिक कार्यक्रम प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## सन् २०२४ को कार्यक्रम र बजेट प्रस्तुत र पारित

सभाका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपालका निर्देशक निराजन थपलियालाई सन् २०२४ को कार्यक्रम र बजेटका सवालमा प्रस्तुति राख्न समय प्रदान गर्नुभएपछि थपलियाले "दस्तावेज पुस्तिकामा" समावेश गरिएको कार्यक्रम र बजेटका बारेमा संक्षिप्त प्रस्तुति राख्नुभयो। उक्त प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि

छलफल खुला भएको जानकारी गराउँदै कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो। तपसिलका समूहका प्रतिनिधिहरूले निम्न प्रश्न र जिज्ञासा राख्नुभयोः

तपसिल

**१) ललनप्रसाद चौवे, समूह ७१ः** अन्तर्राष्ट्रिय सचिवालयबाट माग गरिएको अनुदान रकम निश्चित (fixed) हो? समूह र युथनेटवर्कका सदस्यहरूका लागि सदस्यता शुल्क जसरी रू. ५०० र रू. ३०० गरी फरक फरक गरिएको छ यसलाई एउटै गराइदिएको भए हुन्थ्यो भन्ने मेरो र समूह ७१ को धारणा रहेको छ।

**२) राजन भालु, समूह ४३ः** प्रत्येक वर्ष युथ मेला गरेको कारण साधारण सभामा युथनेटवर्कहरूको सहभागिता पनि राम्रो देखिएको छ। त्यसैगरी समूहका साथीहरूलाई पनि वार्षिक समूह भेला गरिदिएर कार्यक्रम र बजेटमा व्यवस्था गरिदिनुभएको भए समूहका साथीहरू पनि अलि सक्रिय हुन्थेकी भन्ने मेरो सुझाव रहेको छ।

"अन्तर्राष्ट्रिय सचिवालयसँग माग गरिएको अनुदान रकम हामीले यस्तो यस्तो गतिविधि र कार्यक्रम गर्ने योजना गरेका छौं भनी प्रस्तुत गरिएको कार्य योजनामा आधारित रहेर र्याम कमिटिसँग माग गरिएको हो। हाम्रो शाखाको ट्र्याक रेकर्ड, संस्थागत स्वास्थ्य, मानवअधिकार प्रभाव आदिका विषयलाई मूल्याङ्कन गरी *र्याम कमिटि*ले माग गरिएको सबै रकम स्वीकृत गर्न पनि सक्छ वा त्यो भन्दा कम उपलब्ध गराउन पनि सक्छ। त्यो उसको तजबिजको कुरा हो। उसले निर्णय गरेपछि कति अनुदान दिने भनेर राष्ट्रिय सचिवालयमा सञ्चार गर्छ र अध्यक्षले हस्ताक्षर गरी र्याम कमिटिसँग अनुदानसम्बन्धी एमओयुमा हस्ताक्षर गरेपछि बल्ल अनुदान नेपालमा आउने अवस्था हुन्छ। अनुदान प्राप्त गर्नुअघि समाज कल्याण परिषद्बाट पनि त्यसको स्वीकृति लिनुपर्ने हुन्छ।" भनी निर्देशक निराजन थपलियाले आफ्नो जवाफ राख्नुभयो। बाँकी दुई प्रश्नहरू अलिकति "राजनीतिक" प्रकृतिका भएकाले अध्यक्षले नै जवाफ दिन उपयुक्त हुने विचार राख्दै निर्देशक थपलियाले अध्यक्ष बिपिन बुढाथोकीलाई जवाफका लागि अनुरोध गर्नुभयो।

समूह र युथनेटवर्कका सदस्यहरूलाई फरक फरक सदस्यता शुल्कका सवालमा यो समताको विषय पनि भएको र लामो समयदेखि एम्नेस्टी नेपाल शाखाले अभ्यास गरिरहेकै कुरालाई निरन्तरता दिइएको भएपनि प्राप्त सुझावलाई आगामी दिनमा मनन गरेर अगाडि बढ्ने भनी अध्यक्ष बिपिन बुढाथोकीले जवाफ दिनुभयो। समूह ४३ का प्रतिनिधि राजन भालुको सवालमा जवाफ दिँदै अध्यक्षले आगामी दिनमा समूह लक्षित कार्यक्रम तर्जुमा गर्न राष्ट्रिय सचिवालयसँग छलफल गरी आवश्यकताअनुसार अगाडि बढ्ने आश्वासन दिनुभयो।

त्यसपछि सभा अध्यक्ष बुढाथोकीले सन् २०२४ को कार्यक्रम र बजेट अनुमोदनका लागि सभालाई अनुरोध गर्नुभयो। सभाले निर्देशक थपलियाद्वारा प्रस्तुत सन् २०२४ को कार्यक्रम र बजेटलाई तालि बजाएर सर्वसम्मतिले अनुमोदन गरेपछि अध्यक्ष बुढाथोकीले सन् २०२४ को कार्यक्रम र बजेट पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले निर्देशक निराजन थपलियाद्वारा प्रस्तुत सन् २०२४ को कार्यक्रम र बजेट सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०७९/८० को नेसनल बोर्डको प्रतिवेदन प्रस्तुत र पारित

सभा अध्यक्ष बिपिन बुढाथोकीले महासचिव शचिता कुईंकेललाई नेसनल बोर्डको आ.व. २०७९/८० को गतिविधिहरूसम्बन्धी प्रतिवेदन पेश गर्न समय प्रदान गर्नुभयो।

त्यसपछि महासचिव कुईंकेलले नेसनल बोर्डको प्रतिवेदन वाचन गरेर प्रस्तुत गर्नुभयो। विभिन्न आरोह-अवरोह र उतार चढाव झेल्दै लामो अनुभवबाट खारिएर बत्तिसौं साधारण सभासम्म आइपुग्दा एम्नेस्टी नेपालले आफ्नो गभर्नेन्सका सवालमा अग्रगामी, प्रगतिशील, समावेशी र एउटा स्पष्ट दिशावोधसहितको दिगो र चिरस्थायी मार्ग पहिल्याउने सवालमा अनेकन कोशेढुङ्गाहरू पार गर्दै अघि बढिरहेको र मानवअधिकारसम्बन्धी कार्यगत दक्षतामा पनि नयाँ खुड्किलाहरू पार गरी उद्देश्यसार्थक (fit-for-purpose) गतिविधिहरू सञ्चालनको तौर, तरिका, विधि र पद्धतिमा नयाँ सुरूवातहरू हुन थालेको उहाँले उल्लेख गर्नुभयो।

नेसनल बोर्डले एम्नेस्टी नेपाल र अन्तर्राष्ट्रिय सचिवालयका बीच सन् २०२१ मा हस्ताक्षर भएको समझदारी पत्र (एमओयु) अनुरूप एम्नेस्टी नेपालको सदस्यता वितरण प्रणाली र सुशासन व्यवस्थामा सुधार गर्ने महत्त्वपूर्ण कायदिशका सन्दर्भमा महत्त्वपूर्ण कार्यहरू भएका र यस साधारण सभाबाट संस्थालाई नयाँ दिशा र गति दिने उद्देश्यका साथ हजारौं सदस्य र अन्य साझेदारहरूसँगको लामो र सघन परामर्श र मन्थनमा आधारित रहेर प्रस्ताव गरिएका विधान र नियमावली संशोधनका महत्त्वपूर्ण प्रस्तावहरू सर्वसम्मतिले अनुमोदन भई कार्यान्वयनमा जाने कुरामा नेसनल बोर्ड पूर्ण विश्वस्त रहेको पनि बताउनु भयो। **मिति २०७९ साल साउन १ देखि २०८० असार मसान्त**सम्म नेसनल बोर्डद्वारा भए गरिएका नीतिगत निर्णय लगायतका अन्य कार्यहरूको संक्षिप्त विवरण पेश गर्दै महासचिव कुईंकेलले निम्न जानकारी सभालाई गराउनुभयोः

- एम्नेस्टी इन्टरनेसनल नेपालले आफ्नो एकतिसौं साधारणसभा **२०७९ पौष २ गते (तदनुसार सन् २०२२ डिसेम्बर १७)** नवलपरासी जिल्ला (सुस्ता पूर्व)को गैंडाकोट नगरपालिकामा सम्पन्न गरेको। उक्त ३१ औं साधारणसभामा सभामा एम्नेस्टी नेपालमा आबद्ध देशभरका **५५ समूह** र ४० **युथनेटवर्कबाट** दुई दुई जना र समर्थक सदस्यको तर्फबाट दुईजनासमेत गरी **१७३ जना** मताधिकारसहितका प्रतिनिधिहरू, एउटा निर्माणाधीन समूहबाट **दुई जना** पर्यवेक्षक, समूह र युथनेटवर्कबाट निर्धारित समयभन्दा पछि साधारण सभामा सहभागिताका लागि नाम सिफारिस प्राप्त भएकोमा नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराइएका समूह र युथनेटवर्कका **११ जना पर्यवेक्षक**, नेसनल बोर्डका **१० जना** पदाधिकारी र सदस्य, पुनरावेदन समितिका संयोजक **(१ जना)**, एम्नेस्टी नेपाल शाखाका **पूर्व अध्यक्षहरू (५ जना)**, नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा आमन्त्रित विभिन्न समितिका संयोजक र सदस्यहरू **(१२ जना)**, एम्नेस्टी इन्टरनेसनलका इन्टरनेसनल नोमिनेसन कमिटि सदस्य पासाङ शेर्पा **(१ जना)**, राष्ट्रिय सचिवालयका कर्मचारी **(१० जना)**, स्वयंसेवक **(५ जना)** र प्रमुख अतिथि र अन्य अतिथिहरू **(१७ जना)** गरी **२४७ जनाको** उपस्थिति रहेको। साधारण सभाले संस्थाको आ.व. ०७८/०७९ को आर्थिक र लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने, आ.व. ०७९/०८० को लेखा परीक्षणका लागि लेखापरीक्षक नियुक्तिका लागि नेसनल बोर्डलाई जिम्मेवारी तोक्ने, नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको गभर्नेन्ससम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, निर्देशकद्वारा प्रस्तुत आ.व. ०७८/०७९ को कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने, पुनरावेदन समितिका संयोजकद्वारा

प्रस्तुत पुनरावेदन समितिको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने निर्णय गरेको बताउनुभयो। त्यस्तै मुक्तिनाथ अधिकारीका ज्येष्ठ सुपुत्र सुमन अधिकारीलाई **मानवअधिकार रक्षक २०२२ सम्मान पत्रद्वारा** सम्मानित गरिएको, राष्ट्रिय सचिवलायका कर्मचारी चक्र कुमार प्रधानलाई नगद पुरस्कासहित कदर पत्र प्रदान गरिएको जानकारी गराउनुभयो।

- त्यस्तै आर्थिक वर्ष २०७९/८० मा नेसनल बोर्डको छवटा बैठक सम्पन्न भएको र विविध प्रकृतिका निर्णयहरू गरी सदस्यहरूमाझ संप्रेषण गरिएको जानकारी गराउँदै सबैभन्दा महत्त्वपूर्ण निर्णयहरूमा निर्णय नं १४५९ रहेको उल्लेख गर्नुभयो। उक्त निर्णयमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखा र अन्तर्राष्ट्रिय सचिवालयबीच भएको समझदारी पत्र (MoU) अनुसार एम्नेस्टी नेपाल शाखाको सदस्यता प्रणालीको समीक्षा र मूल्याङ्कन गरी संस्थाको मानवअधिकार उद्देश्य सार्थक हुनेगरी सदस्यता प्रणालीको पुनर्संरचनालगायतका कार्य सम्पन्न गर्ने प्रयोजनका लागि अन्तर्राष्ट्रिय सचिवालयको एक जना विज्ञ सल्लाहाकार सम्मिलित देहायको पाँच सदस्यीय ***मेम्बरसिप अडिट एण्ड रिफर्म कमिटि*** गठन गरेको जानकारी दिनुभयो।

तपसिल

१) नेसनल बोर्ड अध्यक्ष बिपिन बुढाथोकी, **संयोजक**
२) नेसनल बोर्ड सदस्य मञ्जु बिश्वकर्मा, **सदस्य**
३) नीति, रणनीति तथा योजना तर्जुमा सल्लाह समितिका संयोजक पार्वता आचार्य, **सदस्य**
४) संस्थागत विकास र सदस्यता परिचालन समितिका संयोजक सुमन बसौला, **सदस्य**
५) अन्तर्राष्ट्रिय सचिवालयले तोकेको सल्लाहकार

कमिटिमा अन्तर्राष्ट्रिय सचिवालयले मुभमेन्ट बिल्डिङ्ग टिमका उपनिर्देशक जेरी बर्नासलाई सल्लाहकारका रूपमा सिफारिस गरेको र सो कमिटिले विभिन्न समयमा आवश्यकताअनुसारको बैठक बसी कार्ययोजना तय गरी आफ्नो कारबाहीलाई अगाडि बढाएको जानकारी गराउनुभयो। कमिटिले एम्नेस्टी नेपालका पूर्व अध्यक्षहरू, विभिन्न समितिका संयोजक र सदस्यहरू, कर्मचारी, समर्थक सदस्यका साथै विभिन्न ११ वटा क्षेत्रमा आयोजना गरेका ११ वटा क्षेत्रीय परामर्श बैठकमा सहभागी भएका समेत गरी एक हजार हाराहारीका सदस्यहरूको राय, धारणा, अपेक्षा, विचार, गुनासो र सुझावहरूलाई ग्रहण गर्दै सोही आधारमा नेपाल शाखाको सदस्यता वितरण र सुशासन प्रणालीको नयाँ स्वरूपको मार्गचित्र प्रस्तुत गर्दै नेसनल बोर्डलाई प्रतिवेदन पेश गरेको उल्लेख गर्नु भयो।

सो प्रतिवेदनलाई नेसनल बोर्डको मिति २०८० असोज १९ गते बसेको बैठकले ग्रहण गरी अध्यक्ष बिपिन बुढाथोकीको संयोजकत्वमा निर्देशक निराजन थपलिया सम्मिलित दुई सदस्यीय विधान संशोधन समिति गठन गरी उक्त प्रतिवेदनको सिफारिसको आधारमा विधान र नियमावली संशोधन मस्यौदा गरी नेसनल बोर्डमा पेश गर्न जिम्मेवारी दिएको बताउनुभयो। विधान संशोधन समितिले पेश गरेको एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र सम्बन्धित नियावलीहरूको संशोधन मस्यौदालाई मिति

२०८० कार्तिक १४ र १५ गते बसेको नेसनल बोर्डको बैठकले सर्वसम्मतिले अनुमोदन गरी ३२औं साधारण सभामा पेश गर्ने निर्णय गरेको पनि जानकारी गराउनुभयो।

- सन् २०२३ अप्रिल २७ देखि ३० सम्म अस्ट्रेलियाको सिड्नीमा आयोजित एसिया प्रशान्त क्षेत्रीय बैठकमा अध्यक्ष बिपिन बुढाथोकी, बोर्ड सदस्य गरिमा पाण्डेय र निर्देशक निराजन थपलियाको सहभागिता रहेको जानकारी गराउनुभयो। सन् २०२३ को अगस्ट ३ देखि ६ सम्म बेल्जियको ब्रसेल्समा चार वर्षपछि आयोजना गरिएको भौतिक उपस्थिति सहितको ग्लोबल असेम्ब्लीमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई प्रतिनिधित्व गर्दै अध्यक्ष बिपिन बुढाथोकी, महासचिव शचिता कुईंकेल र निर्देशक निराजन थपलियाको सहभागिता रहेको पनि जानकारी गराउनुभयो।
- त्यसैगरी निर्देशकद्वारा पेश गरिएको भौतिक सम्परीक्षण प्रतिवेदन २०७९/८० लाई बोर्डले ग्रहण गरी एम्नेस्टी नेपालमा भएका सम्पूर्ण भौतिक सम्पत्ति/वस्तु तथा जिन्सी रेकर्ड रूजु निरीक्षण समेत गरी सो भौतिक सम्पत्तिको प्रतिवेदन स्वीकृत गरिएको  जानकारी गराउनुभयो।
- त्यस्तै ३१ औं साधारण सभाले नेसनल बोर्डद्वारा प्रस्तुत लेखापरीक्षक नियुक्तिको प्रस्तावमा आवेदक विभिन्न लेखापरीक्षकहरूमध्ये कुनै एकबाट लेखापरीक्षण गराउन नेसनल बोर्डलाई नै अधिकार प्रत्यायोजन गरेबमोजिम लेखापरीक्षक खतिवडा दिपेश एण्ड एसोसिएट्स्द्वारा आ.व. २०७९/८० को लेखापरीक्षण गराउने काम सम्पन्न गरिएको र लेखापरीक्षण प्रतिवेदन सबै समूहहरूमा प्रेषित गरिसकिएको जानकारी गराउनुभयो।

महासचिवले आफ्नो प्रतिवेदन पेश गरिसक्नुभएपछि सभा अध्यक्ष बुढाथोकीले महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको प्रतिवेदनका बारेमा प्रश्न वा जिज्ञासा भए नाम टिपाई सो राख्नका लागि सहभागी प्रतिनिधिलाई समय प्रदान गर्नुभयो।

त्यसपछि तपसिलका प्रतिनिधिहरूले देहायको जिज्ञासा राख्नुभयो।

<u>तपसिल</u>

**१. समूह ७१, ललन प्रसाद चौबेः** महासचिवज्यूले प्रस्तुत गर्नुभएको प्रतिवेदन धेरै सहानीय छ र महासचिवप्रति आभार व्यक्त गर्दछु। एउटा कुरा के लाग्यो भने कुनै पनि समिति निर्माण गर्दा बेजोडामा हुनुपर्ने तर अध्यक्ष र निर्देशज्यूको दुई सदस्यीय विधान संशोधन समिति गठन गरिएको कुरा उल्लेख गर्नुभयो। विधान संशोधन समितिमा कम्तिमा तीन जना हुनुपर्ने हो। कसरी दुई जना भयो, कतै यो त्रुटीपूर्ण त भएन भन्ने जिज्ञासा राख्न चाहे।

समूह ७१ का प्रतिनिधिको प्रश्नको जिज्ञासाको जवाफ दिँदै अध्यक्ष बुढाथोकीले नेसनल बोर्डले विधान संशोधनका लागि अध्यक्षलाई पूर्ण रूपमा जिम्मा दिएको र "भोटिङ्ग राइट" अध्यक्षसँग मात्रै रहेको तथा निर्देशकलाई "ननभोटिङ्ग राइट्स्" सहित मस्यौद गर्नमा सहयोगी भूमिकाका लागि मात्र समावेश गरिएको र अध्यक्षमातहत नै सम्पूर्ण जिम्मेवारी रहेको जानकारी गराउनु भयो।

त्यसपछि सभाअध्यक्ष बुढाथोकीले महासिचव कुईंकेलद्वारा प्रस्तुत गर्नुभएको नेसनल बोर्डको प्रतिवेदन अनुमोदनका लागि सभालाई अनुरोध गर्नुभयो। सभाले ताली बजाएर सर्वसम्मतिले उक्त प्रतिवेदन अनुमोदन गरेकोले सोको बारेमा सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०७९/८० मा नेसनल बोर्डद्वारा भए गरिएका गतिविधिहरू समावेश गरी महासचिवद्वारा प्रस्तुत गरिएको नेसनल बोर्डको वार्षिक प्रतिवेदनलाई सर्वसम्मतिबाट अनुमोदन गर्ने निर्णय गर्यो।

## आ.व. २०७९/८० को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुत र पारित

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०७९/८० को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रस्तुतिका लागि सभाका अध्यक्ष बिपिन बुढाथोकीले कोषाध्यक्ष श्री रोशन बजगाईंलाई समय प्रदान गर्नुभयो।

एम्नेस्टी इन्टरनेसनल नेपालको आर्थिक वर्ष २०७९/८० को आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन प्रतिनिधिहरूलाई इमेलबाट पनि प्रेशित गरिएको र सहभागीहरूलाई वितरित दस्तावेज पुस्तिकामा पनि समावेश गरिएको अवगत गराउँदै कोषाध्यक्ष बजगाईंले प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रस्तुत गर्नुभयो।

आर्थिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदनको प्रस्तुतिपछि सभाका अध्यक्षले त्यसमाथि छलफल खुला भएको जानकारी गराउँदै सो प्रतिवेदनका विषयमा कुनै जिज्ञासा, सुझाव, प्रश्न वा अन्य कुनै प्रतिक्रिया भए त्यसका लागि नाम लेखाउन अनुरोध गर्नुभयो।

तपसिलका समूह प्रतिनिधिहरूले देहायको जिज्ञासा राख्नुभयो :

**१) समूह ७, मिना कुमारी साह :** हाम्रो सदस्यता शुल्क पनि केन्द्रमा पठाउँछौं। केन्द्रबाट सहयोग खासै छैन। अभियान कसरी चलाउने भन्ने मेरो जिज्ञासा रहेको छ।

**२) समूह ४७, भगवती पाण्डेः** सानो जिज्ञासा के छ भने हाम्रो संस्थाको आम्दानी चाहीं २ करोड ९८ लाख पचास हजार छ सय सन्तानब्बे छ भने खर्च चाहीं ३ करोड ३२ लाख ५९ हजार एक सय चौध रूपैयाँ रहेको छ। यो फरक कसरी हुन गयो र कसरी चल्नुभएको छ भन्ने सानो जिज्ञासा राखें। विस्तृतमा त मैले हेरेको छैन। धन्यवाद।

**३) समूह १९, अप्रिल अधिकारी :** मैले राख्न खोजेको जिज्ञासा पूर्व वक्ता साथीले राखिसक्नु भएको छ। आम्दानी भन्दा खर्च बढी कसरी हुन गयो र यसको खास रहस्य के हो भन्ने नै हो।

उठेका प्रश्नहरूको जवाफ दिंदै कोषाधक्ष बजगाईंले नेपाल शाखा पूर्णतया "र्याम फन्ड"मा निर्भर रहेको र कर उठाएर बजेट ल्याउने जस्तो कुरा नभएको बताउँदै केन्द्रबाट हुने सहयोगका सवालमा मागका आधारमा समूह र युथनेटवर्कलाई "हाइफाइ" कार्यक्रम गर्न नभएपनि सामान्य मानवअधिकारका गतिविधिहरू सञ्चालन र आयोजनाका लागि निरन्तर सहयोग गरिनै राखिएको निवेदन गर्नुभयो।

खर्च र आम्दानीका बीचमा फरक देखिएको सवालमा कोषाधक्ष बजगाईंले कोभिड लगायतका कारण विगत केही वर्षदेखि मौज्दात रहेको रकम (reserve)ले गर्दा र मौज्दातलाई आम्दानी नमानिएका कारणले त्यसो भएको हो भन्ने जवाफ दिनुभयो।

दोश्रो जिज्ञासाका सम्बन्धमा थप स्पष्टताका लागि अध्यक्षले निर्देशक निराजन थपलियालाई समय दिनुभएकोमा निर्देशक थपलियाले आम्दानी कम देखिनुको एउटा कारण चाहीं नेपालको आर्थिक वर्ष र एम्नेस्टी नेपालको बजेट निर्धारण साइकलमा फरकपन हुनु हो भन्ने कुरा औंल्याउनुभयो। आर्थिक वर्षको अन्त्य अर्थात असार मसान्तको समयमा दुई तीन महिनाको अनुदान अन्तराष्ट्रिय सचिवालयबाट आउन बाँकी रहेको अवस्थाले पनि आम्दानी कम देखिन गएको उहाँले बताउनुभयो।

समूह ७ को प्रश्नको सवालमा थप स्पष्टता प्रदान गर्दै सभाअध्यक्ष बिपिन बुढाथोकीले निम्न कुरा राख्नुभयो : "शुल्कका बारेमा नेतृत्वले नै पनि विगत देखि नै अलिकति बुझाउन नसकेको हो की भन्ने पनि लागेको छ। यो संस्था चल्ने नै सदस्यता शुल्कले हो। हामीले त यहाँ कम शुल्क तिर्छौं तर बाहिर एम्नेस्टीका सदस्यहरूले तिर्नुभएको शुल्क बापतको रकम हामीले प्राप्त गरेका हौं। अहिले दुई वर्षको ५०० रूपैयाँ शुल्क लिइरहेका छौं र त्यो पनि समूहमा नै राख्नुपर्यो भन्ने कुरा हामीले नै गरिराखेका छौं। समूह सञ्चालनका लागि साँच्चै अफठ्यारो हो भने हामीले एउटा उपयुक्त संयन्त्र बनाउनपर्ने पनि होला। तर ख्याल गर्नुपर्ने के छ भने हामीले ३ करोड ९० लाखको बजेट बनाउँदा सदस्यता शुल्क बापत आन्तरिक आर्जनबाट केबल १० लाख मात्र उठ्ने आङ्कलन गरेका छौं। बाँकी पैसा कहाँबाट आउँछ भन्दा कसै न कसैले त त्यो तिरेकै हुन्छ। कसैले सित्तैमा त पैसा दिनेवाला छैन। एम्नेस्टीले सरकारसँग पनि पैसा लिँदैन। हामी *मल्टिलेटरल फण्डिङ्ग* पनि लिँदैनौं। हामीले तिरेको सदस्यता शुल्क कहाँ गएको छ भनेर प्रश्न गर्दा अबको १०/१५ वर्षमा हामी आफैं *सेल्फ सस्टेन* मात्र नभई *ग्लोबल मुभमेन्ट*लाई समेत कसरी योगदान गर्ने भन्ने सवालमा समेत सोच्नुपर्ने र सभामा त्यस विषयमा विमर्श गरेमा मात्र हामी सही ठाउँमा रहन्छौं। साथै यस विषयमा छलफल गर्दा हामीले समता (equity) को बारेमा पनि सोच्नुपर्ने हुन्छ। १६ देखि २५ उमेर समूहका युवा सदस्यहरूको सवालमा कुरा गर्दै गर्दा *जब होल्डर* र अध्यनका क्रममा रहेका विद्यार्थीहरूलाई एउटै डालोमा राख्यौं भने हामी ठिक ठाउँमा पुग्दैनौं किनभने हामी मानवअधिकार संस्था हौं र हामीले "इकुइटि"लाई ख्याल गर्नै पर्छ।"

त्यसपछि अध्यक्षले "इकुइटि"सम्बन्धी एउटा स्लाइड हेर्न सबैलाई आग्रह गर्नुभयो। कसैलाई सकरात्मक विभेद (positive discrimination) समेत गर्नुपर्ने कुराको मर्मलाई बुझिदिन सबै सभासदलाई अनुरोध गर्दै कोषाधक्षद्वारा प्रस्तुत लेखा तथा आर्थिक प्रतिवेदन अनुमोदनका लागि सभालाई अनुरोध गर्नुभयो।

सभाले कोषाध्यक्ष रोशन बजगाईद्वारा प्रस्तुत लेखा तथा आर्थिक प्रतिवेदनलाई तालि बजाएर सर्वसम्मतिले अनुमोदन गरेपछि अध्यक्षले उक्त प्रतिवेदन पारित भएको सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आर्थिक वर्ष ०७९/०८० को आर्थिक तथा लेखा परीक्षण प्रतिवेदन सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षक नियुक्ति

सभाका अध्यक्ष बिपिन बुढाथोकीले एम्नेस्टी नेपाल शाखाका कोषाधक्षलाई आ.व. २०८०/८१ को लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रस्ताव प्रस्तुत गर्न समय प्रदान गर्नुभयो। कोषाधक्ष रोशन बजगाईंले एक सार्वजनिक सूचना जारी गरी आफ्नो दर भाउ सहित आ.व. २०८०/८१ को लेखा परीक्षण सेवा प्रदान गर्नका लागि इच्छुक लेखा परीक्षकहरूलाई प्रस्ताव पेश गर्न आह्वान गरिएकोमा उक्त प्रकृयामा सहभागी भएका नौमध्ये रितपूर्वक आवेदन दिएका तपसिलका सात लेखापरीक्षकहरूलाई साधारण सभामा प्रस्तुत गर्नुभयो।

<u>तपसिल :</u>

१. बराल एण्ड केसी असोसिएट्स्
२. ए.एस.यु.एस. असोसिएट्स् चार्टर्ड अकाउन्टेन्ट्स्
३. पि.डि.एस एण्ड असोसिएट्स्
४. करूण असोसिएट्स्, चार्टर्ड अकाउन्टेन्ट्स्

५. पि. एण्ड बि. असोसिएट्स्
६. खतिवडा दिपेस एण्ड असोसिएट्स्
७. एबि एण्ड असोसिएट्स्

उल्लिखितमध्ये न्यूनतम शुल्कसहित प्रस्ताव पेश गर्नेलाई नै नियुक्त गर्ने भएतापनि कुनै अपवादात्मक अवस्थामा नियुक्त गरिएको लेखा परीक्षकले लेखा परीक्षण नगरेमा वा गर्न असमर्थ रहेमा पुनः साधारण सभालाई कुर्नुपर्ने व्यवहारिकतालाई समेत हृदयङ्गम गर्दै सभाले नेसनल बोर्डलाई नै अनुकूल समयमा निर्णय गरेर लेखापरीक्षक नियुक्त गर्ने अधिकार प्रत्यायोजन गर्दा उचित हुन सक्ने प्रस्ताव राखुभयो।

सभाअध्यक्ष बिपिन बुढाथोकीले कोषाधक्षको उल्लेखित प्रस्तावका बारेमा विचार गर्न अनुरोध गर्नुभएकोमा सभाले उक्त प्रस्तावलाई ताली बजाई सर्वसम्मतिले अनुमोदन गर्यो र सोको बारेमा अध्यक्षले सभालाई सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आ.व. २०८०/८१ को लेखापरीक्षण कार्य सम्पन्न गर्नका लागि आफ्नो दरभाउसहित राष्ट्रिय सचिवालयमा आवेदन दिएका सातमध्ये कुनै एक लेखापरीक्षकलाई नियुक्ति गर्न नेसनल बोर्डलाई अख्तियारी दिने निर्णय गर्यो।

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावली संशोधन प्रस्तावमाथि छलफल र अनुमोदन

विधान संशोधन प्रस्तावलाई अगाडि बढाउने सन्दर्भमा अध्यक्ष बुढाथोकीले सन् २०२१ मा एम्नेस्टी नेपालले अन्तर्राष्ट्रिय सचिवालयसँग गरेको समझदारी पत्र (एमओयु)को बारेमा चर्चा गर्नु भयो। संस्थाले सन् २००९ देखि विभिन्न चुनौतीहरू झेल्दै आइरहेकोमा पछिल्लो समय पनि केही समस्याहरू देखिएकोमा नेपाल शाखाभित्रको समस्याको अध्ययन गरी सन् २०२० मा तयार पारिएको एक समीक्षात्मक प्रतिवेदनको आधारमा सन् २०२१ को मेमा अन्तर्राष्ट्रिय सचिवालय र नेपाल शाखाबीच एमओयुमा हस्ताक्षर भएको जानकारी गराउनुभयो। एमओयुका प्रावधानअनुसार खण्ड "ए" "बि" र "सि" मा भएका जिम्मेवारीका कुराहरू सन् २०२१ सेप्टेम्बर मा भएको विशेष साधारण सभा र सन् २०२२ अप्रिल मा भएको ३०औं साधारण सभासम्ममा निवर्तमान नेसनल बोर्ड र तत्कालीन अध्यक्ष बिक्रम ढुकुछुकै नेतृत्वमा सम्पन्न भइसकेको र अब खण्ड "डि" मा रहेको मेम्बरसिप रिफर्मसम्मको महत्त्वपूर्ण जिम्मेवारीलाई वर्तमान नेनसल बोर्डले "इनहेरिट" गरेको र सोही जिम्मेवारीलाई यसै साधारणसभामा प्रस्तावित विधान संशोधनका माध्यमबाट पूरा गर्न लागिएको जानकारी गराउनुभयो।

विधान संशोधन मस्यौदा गर्नुभन्दा अघि नेसलन बोर्डले एम्नेस्टी नेपाल शाखाका अध्यक्षको संयोजकत्वमा एउटा मेम्बरसिप रिफर्म र अडिट कमिटि गरी सातै प्रदेशमा रहेका सदस्यहरू, पूर्व अध्यक्षहरू, नेसनल बोर्डले गठन गरेको विभिन्न समितिका संयोजक र सदस्यहरू र अन्य सरोकारवालहरूसँग परामर्श गरेर एउटा प्रतिवेदन तयार गरी बोर्डमा पेश गर्ने र नेसनल बोर्डले उक्त प्रतिवेदनको आधारमा विधान संशोधन मस्यौदा गरी साधारण सभामा पेश गर्ने प्रकृया निर्धारण गरिएको उल्लेख गर्नुभयो। २०७९ फाल्लगुन ९ र १० गतेको बोर्ड बैठकले नेसनल बोर्ड अध्यक्ष (म आफैं), बोर्ड सदस्य मञ्जु विश्वकर्मा, नीति, रणनीति र योजना तर्जुमा सल्लाह समितिका संयोजक पार्वता आचार्य र ग्रोथ एण्ड मोबिलाजेसन कमिटिका संयोजक सुमन बसौलालाई सदस्यका रूपमा र अन्तर्राष्ट्रिय सचिवलायबाट एक जना सल्लाहकार समेत गरी पाँच सदस्यी समिति गठन गरेकोमा अन्तर्राष्ट्रिय

सचिवालयबाट मुभमेन्ट बिल्डिङ्गका डेप्युटी डाइरेक्टर जेरी बर्नास सल्लाहकारको रूपमा तोकिनुभएको जानकारी गराउनुभयो। कमिटिले त्यसपछि विभिन्न बैठक बसी ३२ सय जना सदस्यलाई इमेलमार्फत र करिब पाँच देखि छहजार जनालाई एसएमएसमार्फत अनलाईन सर्भे फारम पठाएर, सातै प्रदेशमा गरिएका ११ ओटा परामर्श बैठकमा सहभागी ६०० भन्दा बढी सदस्यहरूलाई भौतिक रूपमै भेट गरी उहाँहरूको राय, सुझाव र दृष्टिकोण बुझेर प्रतिवेदन तयार पारी नेसनल बोर्डलाई बुझाएको र त्यसकै आधारमा रहेर संस्थाको वृहत्तर हित र भविष्यलाई केन्द्रविन्दुमा राखेर यो प्रस्ताव पेश गरिएको जानकारी गराउनुभयो। २०८० कार्तिक १४ र १५ मा विधान संशोधन प्रस्ताव पेश गर्ने निर्णय गर्नका लागि नेसनल बोर्डको बैठक बसेको, साधारण सभा हुनु भन्दा कम्तिमा ३० दिन अघि नै विधान संशोधन मस्यौदा सचिवालयमा दर्ता गराइसक्नुपर्ने विधानको व्यवस्थाअनुसार सो बैठक बसी विधान संशोधन प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गरी सचिवालयमा दर्ता गराएको उल्लेख गर्नुभयो। त्यसपछि उहाँले निर्देशक थपिलयालाई मिति २०८० कार्तिक १४ र १५ गतेको नेसनल बोर्ड बैठकको निर्णय र नेनसल बोर्डका सबै सदस्य र पदाधिकारीले हस्ताक्षर गरेको विधान संशोधन तीन महले प्रस्ताव स्क्रिनमा देखाउन अनुरोध गर्नुभयो।

अन्तर्राष्ट्रिय मुभमेन्टसँग पनि व्यापक परामर्श गरेर प्रस्ताव पेश गरिएको उहाँले बताउनुभयो। "हामीलाई *होममेड* र *अर्गानिक* हिसाबमा एम्नेस्टी नेपाल चलाउनु पर्छ भन्ने पनि लाग्न सक्छ तर विश्वव्यापी मुभमेन्टको एक हिस्सा भएको नाताले हामीले ग्लोबल मुभमेन्टको कोर स्ट्याण्डर्डहरू र हामीले गरेका प्रतिबद्धताहरूलाई पनि केन्द्रमा राखेर यस प्रस्तावलाई *याडप्ट* गर्नुपर्ने" आवश्यकता देखिएकोमा अध्यक्षले जोड दिनुभयो। विधान संशोधको विषय एकदमै "क्रिटिकल" विषय रहेको र यसले संस्थाको दूरगामी भविष्य निर्धारण पनि गर्ने भएकोले यसमा अत्यन्तै संवेदनशील भएर निर्णय गर्नुपर्ने क्षण आइपुगेको स्मरण गराउँदै उहाँले संस्थाको डेटाबेसमा अहिलेसम्म ५० हजार सदस्यहरू जोडिएको र अहिले लगभग सात हजार सदस्यहरू हुँदै गर्दा हामी सबै सदस्यले संस्थाको अभियानमा साँच्चिकै के योगदान गरेका छौं र कतै हामीले अपेक्षाहरू मात्र अलि बढी राखेका त छैनौं भन्ने पनि समीक्षा गर्नुपर्ने बेला आएका बताउनुभयो।

त्यसपछि उक्त कार्तिक १४ र १५ गते बसेको नेसनल बोर्ड बैठकको निर्णयहरू देखाउँदै विधान संशोधनसम्बन्धी निर्णय नं १४८६ वाचन गरेर सुनाउन महासचिव शचिता कुईंकेललाई अनुरोध गर्नुभयो। महासचिवले उक्त निर्णय वाचन गरिसकेपछि अध्यक्षले विधान र नियमावलीहरू संशोधनसम्बन्धी प्रस्तावलाई नेसनल बोर्डले सर्वसम्मत रूपले निर्णय गरेर थप निर्णयका लागि सभामा प्रस्तुत गरेको जानकारी गराउनुभयो। त्यसपछि विधान र नियमावली संशोधनसम्बन्धी तीन महले दस्तावेजहरू स्क्रिनमा देखाउनका लागि अध्यक्षले निर्देशकलाई अनुरोध गर्नुभयो। त्यसपछि अध्यक्षले नेसलन बोर्ड उपाध्यक्ष केशब पोखेललाई उक्त दस्तावेजको बारेमा थप प्रकाश पारिदिन अनुरोध गर्नुभयो। उपाध्यक्ष पोखेलले अघिल्लो नेसनल बोर्डले अन्तर्राष्ट्रिय सचिवालयसँग हस्ताक्षर गरेको एमओयुको मातमहतमा रहेर विधान संशोधन प्रस्ताव मस्यौदा गरी सर्वसम्मतिले (unanimously) अनुमोदन गरी साधारण सभामा पेश गरिएको जनाउनुभयो। प्रकृयागत तवरमा संशोधन प्रस्तावलाई बोर्डले सर्वसम्मत हिसाबमा साधारण सभासमक्ष सम्पत्तिका रूपमा पेश गरेको जनाउँदै उक्त बोर्ड बैठकमा उपस्थित सबै दश जना पदाधिकारी सदस्यहरूको हस्ताक्षर देखाउँदै प्रत्येक एजेण्डामा दफावार छलफलसहित निचोडका रूपमा यो प्रस्ताव अघि आएको जानकारी गराउँदै महत्त्वपूर्ण यस विषयमा विशेष ध्यान पुर्याउँदै निर्णय गर्न अनुरोध गर्नुभयो।

त्यसपछि सभा अध्यक्ष बुढाथोकीले निवर्तमान अध्यक्ष बिक्रम ढुकुछुको नेतृत्वको बोर्डमा सुरूमा आफूले उपमहासचिव र पछि कार्यवाहक महासचिवको रूपमा कार्य गरेको उल्लेख गर्दै उहाँले अन्तर्राष्ट्रिय सचिवालयसँग एमओयुमा हस्ताक्षर गरी गभर्नेन्स रिफर्मका सवालमा जुन तदारूकता र उदारतासहितको नेतृत्व कौशल प्रदर्शन गर्नुभयो त्यसलाई वर्तमान नेसनल बोर्डले "याक्नलेज" गरेको जनाउँदै एम्नेस्टी नेपाल शाखाको निरन्तरता र स्थायित्वका लागि निवर्तमान अध्यक्ष ढुकुछुले पुर्याउनुभएको योगदानलाई ताली बजाएर प्रशंसा गरिदिनुहुन सभालाई अनुरोध गर्नुभयो। र सभाले निवर्तमान अध्यक्ष ढुकुछुलाई जोडदार तालिसहित सम्मान प्रकट गर्यो।

त्यसपछि विधान संशोधनका विषयहरू खानापछि प्रस्तुत गरिने जनाउँदै एम्नेस्टी नेपालको अभियानलाई "डाइभर्स" र "इम्प्याक्ट ओरिएन्टेड" बनाउने सवालमा हामीले गरेको प्रतिबद्धताअनुरूप सभाका प्रतिनिधिहरूले निर्णय गर्नमा सहयोग गर्ने अपेक्षा लिइएको जनाउँदै नेतृत्वबाट अगाडि सारिएको विचार र प्रस्तावलाई पूर्ण मनन गर्न र विषयान्तर हुने गरी गरिएका हुन सक्ने हल्ला र अफवाहका पछाडि नलाग्न अनुरोध गर्दै खानाको समय भएको सूचना दिँदै सभा दुई बजे पुनः सुरू हुने जानकारी गराउनुभयो।

खानापछिको बन्द सत्र पुनः सुरूवात गर्दै सभाअध्यक्ष बुढाथोकीले विधान संशोधनको महत्त्वपूर्ण विषयमा खाना अघि नै प्रवेश गरिसकिएको जनाउँदै प्रस्तावले एम्नेस्टीको विश्वव्यापी अभियानलाई योगदान पुर्याउन दीर्घकालीन उद्देश्य बोकेको र पटक पटक संशोधन गरिराख्नु भन्दा अब केही दशकलाई काम गर्ने गरी संशोधनको खाका तय गरिएको जानकारी गराउनुभयो। एमओयुका बारेमा धेरै चर्चा भएकोमा उक्त एमओयु दस्तावेज देखाउनका लागि उहाँले अनुरोध गर्नुभयो। एमओयु दस्तावेजलाई स्क्रिनमा प्रदर्शन गर्दै उक्त एमओयु एम्नेस्टी इन्टरनेसनलका डेप्युटी जनरल सेक्रेटरीसँग नेपाल शाखाले सन् २०२१ को मे ७ मा हस्ताक्षर गरेको जानकारी गराउनुभयो। एमओयुको खण्ड "ए", खण्ड "बि", खण्ड "सि" र खण्ड "डि" का विषय वस्तुहरूमा प्रस्तुती गर्नुभयो।

सन् २०२१ सेप्टेम्बरमा भएको विशेष साधारण सभाले खण्ड "सि" सम्मका धेरै विषयहरू पूरा गरेको र त्यसअन्तर्गतका महत्त्वपूर्ण सुधारमा महिला र युवाको निर्णय प्रकृयामा समान सहभागिताका साथै व्यक्तिगत सदस्यहरूको पनि सहभागिताका विषय रहेको जनाउनुभयो। त्यस्तै विभिन्न समस्याहरूका कारण एम्नेस्टी नेपाल शाखाको "एक्जिस्टेन्सिएल थ्रेट"कै बीचमा ठूलो "नेगोसियसन" र प्रतिबद्धताका बीच धेरै चरणका वार्ता र छलफलहरूपछि दुवै पक्ष सहमत भएर राखिएका विषयहरूमा उभिएर नेपाल शाखा र एम्नेस्टी इन्टरनेसनलका बीच एमओयुमा हस्ताक्षर भएको पनि उहाँले सभालाई स्मरण गराउनुभयो। खण्ड "डि" मा राखिएको व्यवस्था धुलिखेलमा सम्पन्न भएको ३०औं साधारण सभाबाट निर्वाचित नेसनल बोर्डले नै पूरा गर्ने कुरा एमओयुमा नै स्पष्ट राखिएको देखाउनुभयो। खण्ड "डि" मा रहेको सबैभन्दा महत्त्वपूर्ण विषय भनेको नंवर ६ मा हाइलाइट गरिएको कुरा रहेको जनाउँदै सो भनेको विधान संशोधनका माध्यमबाट एम्नेस्टी नेपाल शाखाको सदस्यता प्रणाली र गभर्नेन्समा सुधार गर्ने कुरा रहेको बताउनुभयो। अन्तर्राष्ट्रिय सचिवालयले पनि बारम्बार साधारण सभाको आकार ज्यादै ठूलो भएको र साधारणसभामा रणनीतिक र सारभूत छलफल हुन नसकेकोले साधारण सभालाई *राइट साजिङ्ग* गर्न अनुरोध गरिरहेको सन्दर्भमा एमओयुको *ब्रिच* गर्न नमिल्ने बाध्यात्मक दायित्वअन्तर्गत यो प्रस्ताव अगाडि आएको र यसले नेपाल शाखालाई थप चुस्त र मानवअधिकार प्रभावमूखी बनाउने विश्वास रहेको बताउनुभयो। अनुशासित र "हेल्थी डिस्कसन"का माध्यमबाट यसमा अगाडि बढ्न पनि पुनः अनुरोध गर्नुभयो।

त्यसपछि उद्घाटन सत्रमा देखाइएको अन्तर्राष्ट्रिय बोर्डका अध्यक्ष अन्जुला बासको भिडियो सन्देश पुनः देखाउने सल्लाह भएअनुरूप सो देखाउन र त्यसलाई नेपालीमा अनुवाद गरिदिन काठमाडौं विश्वविद्यालय युथ नेटवर्कका प्रतिनिधि सुनाम अमात्यलाई अनुरोध गर्नुभयो। अन्जुला बासको भिडियो सन्देशलाई सुनाम अमात्यले अनुवाद गरेर सभालाई सुनाउन भयो। त्यसपछि सभा अध्यक्ष बुढाथोकीले अमात्य एम्नेस्टी इन्टरनेसनलको **ग्लोबल याक्टिभिज्म अड्भाइजरी ग्रुपमा** प्रतिश्पर्धात्मक रूपमा चयन हुनुभएको सभालाई जानकारी दिँदै उहाँलाई बधाइ पनि ज्ञापन गर्नुभयो।

त्यसपछि सभाअध्यक्षले नेसनल बोर्डका सदस्यहरू देवेन्द्र सेजुवाल, बिमला वाग्ले, मञ्जु विश्वकर्मा, निखिल पोखेल, गरिमा पाण्डे, कोषाधक्ष्य रोशन बजगाई, महासचिव शचिता कुईंकेल र उपाध्यक्ष केशव पोखेललाई क्रमशः **एम्नेस्टी इन्टरनेसलन नेपाल शाखाको विधान, २०५८ (सन् २००१)** को **आठौं संशोधन**का प्रस्तावहरू, मौजुदा प्रावधान र संशोधन गर्नुपर्नाका कारणहरू प्रस्तुत गर्न समय प्रदान गर्नुभयो। बोर्डका सबै सदस्य र पदाधिकारीले प्रस्ताव पेश गरिसकेपछि छलफलका लागि अध्यक्षले नाम टिपाउनका लागि समय प्रदान गर्नुभयो। छलफलका क्रममा स्वस्थ, मर्यादित र अनुशासित ढङ्गमा आफ्ना कुरा राख्न पनि अनुरोध गर्नुभयो। संशोधनको मर्म र इन्टरनेसनल मुभमेन्टको स्पिरिटलाई ख्याल गरेर निर्णय गर्नुपर्ने भएकोले सोही अनुसार छलफल गर्न अनुरोध गर्नुभयो। साथै संशोधनको बुँदा र दफा नंवर खुलाई अघिल्लो वक्ताले सोधेको प्रश्न नदोहोर्याई भोटिङ्ग कार्ड प्रयोग गरेर प्रश्न र टिप्पणीहरू राख्नका लागि अनुरोध गर्नुभयो।

त्यसपछि तपसिलका प्रतिनिधिहरूले देहायबमोजिमको प्रश्न र टिप्पणी राख्नुभयो:

**१) एलिसा महत, समूह ७२:** अनुसन्धान गरेर निकै मिहनेतका साथ संशोधन प्रस्ताव आएको मैले महशुस गरेको छु। हामी त्यति *डिस्ट्राक्टेड* हुनुपर्छ जस्तो लाग्दैन। यहाँ ३० वर्षसम्मको भविष्य सोचेर समूह र युथनेटवर्कलाई सहज हुने प्रस्ताव आएको छ। सदस्यता सङ्ख्या ३५ मा झारेर धेरै *मोटिभेट* गर्न खोज्नुभएको छ। अब मेम्बरसिप खोजिरहन त्यति धेरै दुःख गर्नु नपर्ला। नविकरण गर्ने समस्यामा पनि यसले सहज होला। त्यस्तै क्षेत्रीय भेलाको अवधारणा पनि सही छ। कतिपयले राजनीतिकरण हाबी हुने होकी भन्ने आशङ्का राख्नुभएको छ तर मेरो विचारमा स्वस्थ राजनीति राम्रो हुन्छ र यसले प्रतिश्पर्धा र विज्ञतामा विकास पुर्याउँछ र त्यसैले यो प्रस्ताव ठिक छ।

**२) उमेश राई, समूह ६३:** विधान संशोधन दुई तिहाईबाट हुन्छ भन्ने लाग्छ। मेरो समूहको बुझाइमा क्षेत्रीय भेलाको भूमिका स्पष्ट छैन, मात्र प्रतिनिधि चयन गर्ने भनेको छ। क्षेत्रीय कमिटिको कुरा पनि छैन। अनि प्रतिनिधिहरू चयन गर्ने क्रममा पनि समूहहरूलाई बाइपास गर्ने गरी ल्याइएको छ। ५० प्रतिशत महिला, ४० प्रतिशत युथ अनि एकजना व्यक्तिगत सदस्य भनेको छ। समूहहरूको त एकजना पनि सहभागी नहुने जस्तो पो देखियो त। समूहहरूले यो संस्था जन्माएको। युथहरूलाई तपाईंहरूले पछि ल्याउनुभयो। पहिले त एकजना मात्र प्रतिनिधि हुन्थे। समूहलाई *टोटल्ली* "उ" गरेर महिला र युथ भन्दै खोई तपाईंहरूले एम्नेस्टीलाई कहाँ लान खोज्नुभएको हो! त्यो थाह भएन। यसमा हाम्रो आपत्ति छ। क्षेत्रीय भेलामा हाम्रो असहमति छ र अरूमा हाम्रो सहमति छ।

**३) ओम प्रकाश पाण्डे, समूह** ४४: बत्तिसौं साधारण सभामा छलफल गर्न पाउँदा खुसी छु। यदि यो पारित भयो भने हामी २५ वर्ष नाघेकाहरू अबका साधारण सभामा भाग लिन पाउँछौकी भन्नेमा शङ्का छ। सायद पाईंदैन होला जस्तो लाग्छ मलाई किनभने हाम्रो अस्तित्व यहाँ सङ्कटमा छ। जम्मा १०० जना प्रतिनिधिहरू भनिएको छ दफा ९.३ मा। समूहको सङ्ख्या बढाउँदै जाँदा, मानवअधिकारका

गतिविधिहरू बढाउँदै जाँदा, १०० जना मात्रै प्रतिनिधि किन? यसलाई ३०० बाट किन २०० घटाएर १०० बनाइएको? साधारण सभा सञ्चालन दुई तिहाइबाट सञ्चालन हुने पूर्ववत व्यवस्था हुनुपर्छ। यसलाई साधारण वहुमतबाट पारित गर्ने व्यवस्था गरिनुहुन्न। नेसनल बोर्डको पदावधि दुईबाट तीन वर्ष बनाइएको छ, तर समूहको पदावधि दुई वर्ष मात्रै छ। त्यो किन होला? १०.२ मा व्यक्तिगत सदस्य भनिएको छ अनि त्यसमा प्रेपकमले छानेको हुनसक्ने कन्डिसन देखिन्छ। यहाँ नेसनल बोर्डले आफूलाई एकदमै सुरक्षित राख्न खोजेको देखिन्छ। खासगरी अर्को साधारण सभाका लागि पनि। ४० प्रतिशत युवा, ५० प्रतिशत महिला भएपछि समूहका सदस्यहरूको पालो चाहीं यही साधारण सभामा अन्तिम हुने होकी भन्ने मैले देखेको छु।

**४) सुशिल श्रेष्ठ, समूह ३६**: क्षेत्रीय भेलालाई प्रदेश भेला नै भन्दा हुन्थ्यो कि भन्ने जिज्ञासा हो। धन्यवाद।

**५) हृदय जङ्ग थापा, नेसनल ल कलेज युथनेटवर्कः** मेरो विषय खासगरी पेज ४९ को साधारण सभाका लागि प्रतिनिधि चयन गर्ने विधिसँग सम्बन्धित छ। पूर्व वक्ता साथीहरूले समूहको त सहभागिता नै हुन नपाउने हो की भन्ने शङ्का व्यक्त गर्नुभयो। हाम्रो युथनेटवर्कको धारणा यसमा के छ भने उहाँले एउटा क्षेत्रबाट १४ जनाको हिसाब गर्दा त्यसमा खास के हो भने ५० प्रतिशतका आधारमा त्यसमा ७ जना महिला आउनुभयो ४० प्रतिशतका हिसाबमा लगभग ५ जना युवा सदस्यहरू आउनुहुन्छ। जम्मा १२ जना भयो। एकजना व्यक्तिगत सदस्य गर्दा १३ जना भयो। त्यो १ जनामा समूहको हुने नै भैहाल्यो। तर त्योभन्दा महत्त्वपूर्ण कुरा चाहीं के हो भने के समूहमा महिलाहरू चाहीं सदस्य नहुने हो र? युथनेटवर्कबाट पनि ५० प्रतिशत महिला सहभागिता हुने हो समूहबाट पनि ५० प्रतिशत हो यसले समूहको प्रतिनिधित्व नहुने भन्ने कुरा निराधार हो र यसमा शङ्का गर्नु आवश्यक छैन। धन्यवाद।

**५) दिनेश खनाल, समूह ३४**: पेज नं ४३ को दफा २८ मा निर्वाचनसम्बन्धी गरिएको व्यवस्थामा स्पष्ट तोकिदिनुपर्छकी? यसमा "नियमित निर्वाचन" गर्ने भनिएको छ। पहिले दुई वर्षमा थियो। अरू सबै ठिक छ। धेरै मेहनत गर्नुभाको छ। धन्यवाद।

**६) अप्रिल अधिकारी**, **समूह १९**: समग्रमा एम्नेस्टी नेपालको अभियानलाई कसरी अगाडि बढाउन सकिन्छ भन्ने कुरामा लामो कसरत पछि ल्याउनुभएको प्रस्तावको म मुक्तकण्ठाले प्रशंसा गर्दछु। मेरो केही सुझाव छ। एक अर्कामा आग्रह र पूर्वाह राखेर विगतलाई कोट्याऔं भने साथीहरूबीचमा खल्लो भई मनमुटावको अवस्थामा बाहिरिनुपर्ने हुन सक्छ। हामी त्यतातर्फ नजाऔं। किनभने व्यक्ति हैन संस्था बलियो हुनुपर्छ। व्यक्ति हाबि हुने हो भने संस्था छोड्दा पनि हुन्छ। संस्था टिकाउने हो भने संस्थागत संरचनामा कुरा गरौं। इगो र प्रतिशोधको भावना नराखौं। प्रश्तुति अलि लामो भयो। सामान्य परिवर्तनका सवालमा त्यो परिवर्तनलाई मात्र औंल्याइदिएर दफा नंवर भनिदिएको भए हुन्थ्यो। सबै पढिराख्नुपर्ने थिएन। दोश्रो कुरा भाषा प्रयोग अलि मिलाऔं। कतिपय अङ्ग्रेजीमा लेखिएका शब्दहरूलाई सकिन्छ भने नेपालीमा ढालौं। २४ (ङ) र (च) दुइटै कुरा एउटै जस्तो लाग्छ। त्यसलाई मर्ज गरौं भन्छु। त्यसपछि क्षेत्रीय सभा अहिलेको प्रदेश र सङ्घ जस्तो नबनोस्। धन्यवाद।

**७) ललन प्रसाद चौवे, समूह ७१ः** नेसल बोर्डद्वारा भएको प्रशतुती धेरै राम्रो छ। वैज्ञानिक तवरले भएको छ। पर्यवेक्षकको कुरा गर्छौं भने हामी कसरी उनीहरूलाई छानेका छौं? ६४ वटा समूह, ४६ वटा युथनेटवर्क र दुई जना समर्थक सदस्यहरूको यो साधारण सभामा उपस्थिति छ भनेर अध्यक्षज्यूले भन्नु भयो। ८३ समूह र ५५ युथनेटवर्क थिए। अब ८३ बाट ६४ भयो भने हामी कति खुसी भएका छौं? एम्नेस्टीलाई बढोत्तरी गर्नुपर्नेमा हामी अभिभावक हौं र हामी कहाँ चुक्यौं?

**८) कालिका प्रसाद पण्डित, समूह ३३ :** क्षेत्रीय भेलामा विभेद देखेको छु। अन्य प्रदेशका सवालमा ठिक छ। बाग्मतीमा दुईवटा भेलाको कुरा छ। यो विभेद हुनु हुन्न। यो सच्चाउन आग्रह गर्छु। क्रमसङ्ख्या ३० को दफा ९.६ मा भौतिकका साथै विषम परिस्थितिमा अनलाइन माध्यमबाट पनि साधारण सभा गर्न सकिनेछ भन्ने व्यवस्था छ। यो अनलाइन वा जुम साधारण सभाको व्यवस्थालाई खारेज गरेर अनिवार्य भौतिक उपस्थितिमा नै साधारण सभा हुनुपर्नेछ भन्ने प्रस्ताव गर्दछु। युथ नेटवर्क र समूहबाट प्रतिनिधित्व गराउने अहिलेकै व्यवस्था कायम गर्नुपर्ने प्रस्ताव राख्दछु।

**९) भागीरथी पोखेल, समूह ३३ :** एम्नेस्टीले मानवअधिकारको अवस्थामा परिवर्तनका लागि धेरै योगदान पुर्याएको छ। तर हामी आफैं मनमुटावमा लाग्यौं भने कसरी काम गर्न सक्छौं? युथ र समूह दुवै समान रूपमा मिलेर अगाडि बढौं। प्रतिनिधिमूलकमा एम्नेस्टी लैजाँदा मानवअधिकार हनन् हुन्छ। त्यसैले प्रतिनिधिमूलकमा एम्नेस्टी लैजान हुँदैन। हस्। धन्यवाद।

**१०) श्रीकृष्ण पौडेल, समूह ४८ः** नेपालको संरचनागत अवस्थासँग मिल्नेगरी नेसनल बोर्डले ल्याएको नयाँ प्रस्ताव मलाई अत्यन्तै सराहनीय लागेको छ। यही प्रकृयाबाट हामी अगाडि बढ्यौं भने हामी नेपालको मानवअधिकार समस्याको संबोधन गर्न प्रभावकारी हुन्छौं र त्यसैले नेसनल बोर्डले ल्याएको यो प्रस्तावलाई सर्वसम्मत रूपमा अनुमोदन गर्न आग्रह गर्न चाहन्छु।

**११) गिता तिमिल्सिना, समूह ५५ः** क्षेत्रीय भेला आठवटा गरिएको छ। काठमाडौं, भक्तपुर र ललितपुरलाई एउटा प्रदेश बनाएर काभ्रेलाई अर्को प्रदेश बनाइएको छ। त्यो कसरी भयो? म यसलाई जाहेज मान्न सक्दिन। क्रम सङ्ख्या ४४ मा अलरेडि बोर्ड छँदा छँदै प्रेपरेटोरी कमिटि भनेर नयाँ प्रावधान हालिएको छ। यसमा पनि अलिकति विचार पुर्याउनुपर्छ। कस्तो रूपले सदस्यता लानुहुन्छ भन्ने कुरा पनि जोड्न चाहन्छु। सदस्यता शुल्क पनि विधानमा उल्लेख गरिएको छैन।

**१२) गोविन्द बहादुर खड्का, समूह ५६ :** म क्षेत्रीय भेलासम्बन्धी नै कुरा राख्न चाहन्छु। अहिले २१ औं शताब्दीमा मेम्बर बेस्ड अर्गाइनेजसन भनेर अगाडि बढ्दा सहभागितामा त्यति धेरै विभेद गरी राख्नुपर्छ भन्ने लाग्दैन। यसमा इक्विटि र इक्वालिटिलाई मेन्टेन गरेर आधारमा अगाडि बढ्नु ठिक होला। आठवटा क्षेत्रमा क्षेत्रीय भेला "कस्ट फ्रेन्ड्ली" त भएन नी हैन? त्यस्तै क्षेत्रीय भेलाबाट साधारण सभाका लागि प्रतिनिधि चयन हुने बेलामा कस्ता खाले फेयर र अनफेयर प्रतिनिधि हुन्छन् होला? "पाओर" र "ह्याण्ड मसल" का खेल हुने होलान्। त्यसको पनि अलिकति चिन्ता छ।

**१३) गीता खड्का, समूह ५६ः** पेज नं ४० को २१ नंवरमा युथ भाइ बहिनीहरूलाई सदस्यता वितरण गर्ने उमेर पहिला १४ वर्षदेखि भएकोमा अहिले १६ वर्षदेखि २५ वर्ष भनेर तोकिएको छ। यसो गर्दा स्कूलका भाइ बहिनीहरू नसमेटिने हुन् कि भन्ने महसुस गरें। यो नेपाल सरकारको नीति

हो या एम्नेस्टीको राष्ट्रिय बोर्डको हो या आइएसको निर्णय हो मलाई जान्ने उत्सुकता छ। धन्यवाद।

**१४) सरिता अर्याल**, **समूह ४२**: सदस्यहरूको क्षेत्रीय भेला त्यति माने लागेन। क्रमसङ्ख्या २९ को दफा ९ उपदफा (३) चाहीँ सङ्ख्याको आधारमा प्रतिनिधि लैजाने कुरा सबै समूह वा युथनटवर्कले त्यसमा भाग लिन पाउनुपर्छ भन्ने मलाई लाग्छ। धन्यवाद।

**१५) दिसी आचार्य, नेपाल युथनेटवर्क** : "रिजनल बेसिस"मा राखेर समूहलाई "नेग्लेक्ट" भयो भन्ने कुरामा चाहीँ यहाँहरूले अन्य दफा हेर्न बिर्सिनुभए जस्तो लाग्यो। पेज नं ५३ को दफा १० को (३) मा राष्ट्रिय बोर्डको काम, कर्तव्य र अधिकारमा संस्थाको सल्लाहकार नियुक्त गर्ने व्यवस्थालाई हटाइएको कारण चाहीँ के हो भन्ने जिज्ञासा लाग्यो किनभने पहिला पनि नियुक्त गर्नलाई म्यान्डेटोरी व्यवस्था त थिएन। हामी समूह र युथनेटवर्क भनेर झगडा गरिराख्ने अवस्था चाहीँ धुलिखेलमा भएको साधारण सभामा पनि थियो। दाङमा आइपुग्दा पनि यो जारी छ। मानवअधिकार उल्लङ्घनका पीडितका लागि काम गर्न जुटेका हामी *याक्सन सेन्ट्रिक* चाहीँ कहिले हुने हो? हिजो समूहले खायो युथनेटवर्कले खान पाएन अब अहिले युथनेटवर्कले खान लाग्यो समूहले खान नपाउने भो भन्ने संकथन (न्यारेटिभ) बाट अलकित माथि उठेर *युथ भर्सेज ग्रुप* हैन *युथ एण्ड ग्रुप* भएर अगाडि जाऔं। १०० जनाको प्रतिनिधित्व राष्ट्रिय अन्तर्राष्ट्रिय अभ्यास पनि हो। यो कसैको भाग खोसेर कसैलाई दिन लागेको बिल्कुल हैन।

**१६. रोशनी खड्का, क्वालिटि युथनेटवर्क** : मेरो जिज्ञासा बुँदा २३ को दफा ७ को उपदफा (१) को (ग) मा रहेको युवा सदस्यतासँग सम्बन्धित छ। म क्वालिटि युथ नेटवर्कको प्रतिनिधि हुँ र हामी स्कूल बेस्ड छौं। मानवअधिकार शिक्षाका माध्यमबाट हामी *ग्रो-अप* हुँदै आइरहेका छौं। सदस्यताका लागि १६ वर्षको नयाँ प्रावधान छ। हामीले पिटिसन साइनदेखि लिएर मानवअधिकार शिक्षाका लागि कक्षा आठदेखिका विद्यार्थी सहभागी गराउँदै आएका छौं तर अब उनीहरूलाई सदस्यतामा पहुँच चाहीँ नदिने कुरा चाहीँ अलिकति "रिजनेबल" नहुन सक्छ। यसमा बोर्डको ध्यानाकर्षण गर्न चाहन्छु। बुँदा नंवर ३२ को सदस्यहरूको क्षेत्रीय भेलाको सवाल छ। प्रेपकमका संयोजकले क्षेत्रीय भेलाबाट प्रतिनिधि प्रजातान्त्रिक विधिबाट चयन गर्ने कुरामा अलिकति स्पष्टता पारिदिनुहुन अनुरोध छ।

**१७. दामोदर प्रसाद यादव**, **समूह २४**: ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको सवालमा अलिकति जिज्ञासा रहेको छ। हाम्रो क्षेत्रमा (मधेशमा) १० वटा समूह र दुईवटा युथनेटवर्क छ। अब यसमा ४० प्रतिशत कसरी भागबण्डा कसरी गर्ने हो? हामीले एम्नेस्टीमा युथ, व्यक्तिगत वा समूहगत खोजेको होइन। हाम्रो स्वतन्त्र विचार हो। हाम्रो अधिकार हो। अब अहिले समूह युथ सबै साँसद् नै छौं। अब यसमा क्षेत्रगत कसरी मिलाउने भन्नेमा प्रष्टता भएन भन्ने मात्र हो।

**१८. सिद्धराज भट्ट, समूह ४९**: प्रतिनिधि छनौटको सवालमा साथीहरूको भनाइमा मेरो समर्थन छ। कमिटि गठनमा प्रदेशवाइज हुनुपर्छ भनेकोमा तपाईंहरूले प्रतिनिधि चयन चाहीँ प्रदेशवाइज गर्नुभएको छ। प्रतिनिधि चयन अहिलेकै व्यवस्थाअनुसार हुनुपर्छ। बरू रजिष्ट्रेशन शुल्क लिन सकिन्छ। युवाहरूलाई नभए निशुल्क पनि गर्न सकिन्छ। कुनै प्रदेशबाट कहिल्यै नेतृत्व नहुने कुनैबाट जहिल्यै हुने होकी भन्ने सवाल आएको छ। धन्यवाद।

**१९. सुमन बसौला, समूह २७ :** एमओयुको माध्यमबाट आज हामी यो विन्दुमा आइपुगेका छौं। यो विधान संशोधन परामर्शका क्रममा पोखरामा भएको परामर्शमा हाम्रो समूह लमजुङले राखेको सुझावहरूलाई समावेश गरेर नेसनल बोर्डले साधारणसभामा पेश गरेकोमा सर्वप्रथम धन्यवाद दिन चाहन्छु। हामीले प्रदेशगत प्रतिनिधि चयनको कुरा गरेका थियौं। यहाँहरूले संबोधन गरिदिनुभएकोमा आभार व्यक्त गर्न चाहन्छु। एओयुअन्तर्गतको दायित्वको यो विषयलाई हामीले आज दिनभरी छलफल गर्यौं र यसलाई जसरी पनि पारित गर्नुपर्नेछ। सबै प्रतिनिधिहरूले यो गाम्भीर्यतालाई बुझ्नुभएको छ र यसलाई पारित गर्न सहयोग गर्नुहुनेछ भन्ने विश्वास लिएको छु र त्यसका लागि अपिल पनि गर्न चाहन्छु। म्यान्डेटोरी सदस्यता सङ्ख्या ५० बाट ३५ बनाइएको कुरा सबैको सुझावको आधारमा आएको छ र यसलाई पनि स्वागत गर्न चाहन्छु। समावेशीकरण र *इन्क्लुजन*को कुरालाई संबोधन गर्दै पचास प्रतिशत महिला र ४० प्रतिशत युवाको सहभागिता गरिएको छ यो पनि स्वागत योग्य छ र यसले साधारण सभालाई चुस्त दुरूस्त बनाउन सघाउने नै छ। एम्नेस्टी नेपालमा *फेभोरिटिज्म* र *नेपोटिज्म*का कारण देखिएको द्वन्द्वलाई निराकरण गर्न, मानवअधिकार अभियानलाई चुस्त दुरूस्त पार्नका निम्ति र एम्नेस्टी नेपाललाई थप सशक्त रूपमा अगाडि बढाउनका निम्ति अन्तर्राष्ट्रिय बोर्डका अध्यक्षले दिनुभएको सन्देशअनुसार सर्वसम्मतले यो प्रस्ताव पारित गरिदिनुहुन अपिल गर्दछु।

**२०. उत्सुक्ता सुवेदी, डाइनामिक युथनेटवर्क :** क्षेत्रीय सम्मेलनका सवालमा अलिकति कुरा राख्न मन लाग्यो। हामीले परिवर्तनलाई आत्मसात गर्न र स्वीकार्न अलिकति गाह्रो भइरहेको होकी भन्ने महसुस भयो। *इट इज अल अबाउट चेन्जेज्।* अनि हामीले अन्तर्राष्ट्रिय मापदण्ड *मिट* गर्न खोज्ने हो। *ग्रासरूट* तहदेखि नै अलिकति लुकेको प्रतिभाहरूलाई *प्लेटफर्म* दिने हो भने क्षेत्रीय भेला त अति नै आवश्यक छ भन्ने मलाई महसुस हुन्छ। आज भन्दा एक दशक अगाडि पुगेर पछाडि फर्केर हेर्दा अहिले हामीले गरेको परिवर्तनले संस्थालाई निकै राम्रो हुन्छ भन्ने मैले महसुस गरेको छु। धन्यवाद।

**२१. राजन भालु, समूह ४३ः** धेरै कुरा हेर्दा, जस्तो क्र.सं. ७ को दफा ४ को उपदफा (९) मा समूह स्थानीय स्तरमा काम गर्ने भनिएको छ। अब के समूहले एम्नेस्टीको विषयमा कामै नगर्ने हो त? युवा समूहले मात्रै काम गर्ने भनेजस्तो देखिएको छ। यो ध्यानाकर्षण गराउन चाहें। क्षेत्रीय भेलाको कुरा आयो। क्षेत्रीय भेला अवश्य पनि हुनुपर्छ किनभने त्यहाँ राम्रो छलफल र निचोड आउँछ। तर क्षेत्रीय भेलाबाट साधारण सभाको प्रतिनिधि चयन गर्ने कुरा चाहीं स्थगन गर्नुपर्छ। प्रत्येक क्षेत्रबाट एकजना व्यक्तिगत सदस्य गरेर आठ जना व्यक्तिगत सदस्यको सहभागिताको कुरा आयो। यो वर्ष निर्वाचन हुनुपर्ने जस्तो लाग्छ मलाई। यसमा पनि छलफल गरौं। सहभागिता १०० भन्ने कुरा बढ्न पनि सक्छ विचार गर्नुहोला। निर्वाचनको कुरा छ। समूह र युथ बराबर भनेको छ। युथलाई दुई सिट मात्र किन? युथले पनि अध्यक्ष दावि गर्न पाउँछ कि पाउँदैन? ११ सिटमा नोमिनेसन गर्न पाउनुहुन्छ उहाँहरूले। दुई सीट मात्र गर्नुको कारण के हो? वञ्चित गरिएको हो कि युवाहरूलाई यसमा? सदस्यताको आधारमा सहभागिता बढाउने कुरामा पनि विचार गर्नुहोला। हुन्छ भने एक समूह एक सदस्य गर्नुहोला। थप कुरा पछि राखुँला। धन्यवाद।

**२२. सुशान्त पराजुली, नेपाल युथनेटवर्कः** एमओयुको कुरा हामीले बुझिसक्यौं। संस्था अस्तित्वको सङ्कटमा छ भन्ने स्वयं अध्यक्षज्यूले स्वीकार पनि गरिसक्नुभएको छ। २० औं वर्षदेखिको यो आन्दोलन जोगाउनका लागि पनि यो परिवर्तन आवश्यक छ। यो साधारण सभामा हाम्रो छलफल

अलि बढी मानवअधिकारका विषय र चुनौतीहरू के छन् भन्ने कुरामा केन्द्रित हुनुपर्थ्यो। पछिल्ला तीन महिनामा मात्रै हिरासतमा तीन जनाको मृत्यु भएको छ। यस्ता विषयमा हाम्रो ध्यान र छलफल कहिलेबाट हुन्छ? बोर्डले अहिले ल्याएको कुरा एकदमै ठिक छ। हामीले देखिसक्यौं कि बढ्दो महिला र युवाको सहभागिताले अन्तर्राष्ट्रिय बोर्ड हामीसँग खुसी हुनुहुन्छ। नेपाल शाखाका लागि शुभकामना पनि दिनुभएको छ। हामीले त अब *जेन्डर माइनोरिटि*को सहभागितालाई पनि बढाउनुपर्ने आवश्यकता देखिन्छ। भनिन्छ नि समय नै परिवर्तनशील हुन्छ। असाध्यै राम्रो प्रावधान ल्याउनुभएको छ। सङ्घीयतामा जाँदा नेपाल सात प्रदेश भयो। तर काठमाडौं, भक्तपुर र ललितपुर अति विकसित शहरहरू बागमती प्रदेशका अन्य जिल्ला भन्दा फरक छन् भन्ने गरी जसरी भारतमा दिल्ली प्रदेश छुट्टै छ त्यसरी तपाईंहरूले अगाडि ल्याउनुभएको छ। त्यो असाध्यै राम्रो छ। यसरी फरक डाइनामिज्मबाट विषय ल्याइदिनुभएकोमा बोर्डलाई धन्यवाद दिन चाहन्छु। परिवर्तन खाँचो छ। समयको नियम भनेकै परिवर्तन हो भन्दै सबै प्रतिनिधि साथीहरूलाई बोर्डको प्रस्तावमा समर्थन जनाउनुहुन अनुरोध गर्दछु।

**२३. सनम वली, त्रिचन्द्र युथनेटवर्कः** ६२ वर्ष अघि सुरू भएको एम्नेस्टीको अभियानलाई अर्को ६२ वर्ष पछिसम्मलाई निर्देश गर्नेगरी आएको प्रस्तावको म स्वागत गर्न चाहन्छु। यहाँ पटक पटक एउटा कुरा उठ्यो। समूहहरू युथनेटवर्कसँग किन डराउनुपरेको? यो डर केका लागि हो र यो कति जायज छ? अघि एक जना सरले युथमेला भयो अब ग्रुप मेला पनि गरौं भन्नुभयो। अर्को सरले भन्नुभयो युथको प्रतिनिधित्व ४० प्रतिशत हुने भयो अब हाम्रो अस्तित्व छैन। अब यो कस्तो भयो भन्दा हिजो हजुबाले घ्यु खाए हात सुँघौन त भनेजस्तो भयो। यो जायज छ त? डराउनुपर्यो किन? कतिपय त बुझाइमा पनि फरक परेको होला। यहाँ ४० प्रतिशत युवा र ५० प्रतिशत महिला भनिकएको छ। उहाँले जोड्नुभयो होला ५० र ४० गरेर ९० भयो अब १० प्रतिशतमा हामी त अड्दैनौं। त्यो होइन। यसलाई त्यसरी नबुझ्नुहोला। अर्को सरले युथबाट दुई जना मात्र किन बोर्डमा भन्नुभयो। त्यो पनि गलत हो। त्यो त न्यूनतम कुरा मात्र हो। तपाईंले दस्तावेज राम्ररी अध्ययन गर्नुभएको हो भने याद हुनुपर्ने हो। आइएसले दिएको म्यान्डेटमा हामी दायाँबायाँ गर्ने मिल्ने ठाउँ छैन र यसलाई पारित गर्नुको विकल्प छैन। नेपालभरीको परामर्शमा आएको विषय समेटेर हाम्रो युथनेटवर्कको कुरा पनि समेटेर यहाँ ल्याउनुभएकोमा नेसनल बोर्डलाई पुनः धन्यवाद व्यक्त गर्दछु।

प्रश्न सोधन वा टिप्पणी गर्नका लागि नाम टिपाएका सबै प्रतिनिधिहरूले आफ्नो भनाई राखिसकेपछि सभा अध्यक्ष बुढाथोकीले विषयहरूमा मिहिन छलफल गरेर र आवश्यक परेमा अग्रजहरूसँग परामर्श समेत गरेर अगाडि बढ्ने जानकारी गराउनुभयो। र रिजनल फोरमको सवालमा थप स्पष्टता पारिदिन कोषाधक्ष्य रोशन बजगाईंलाई अनुरोध गर्नुभयो। त्यसपछि कोषाधक्ष बजगाईंले भन्नुभयो : "रिजनल फोरमबाट डराउनुपर्ने केही छैन। युथनेटवर्कका साथीहरू चाहीँ बरू आक्रामक हुन्छन् कि भन्ने हाम्रो बुझाई थियो। ४० प्रतिशतको रेसियो भनेको अहिलेको आजकै न्यूनतम प्रतिशत हो। यसमा युवाहरूले सहज तरिकाले स्वीकारिदिनुभएकोमा नेसनल बोर्डले कम्फर्ट महसुस गरेको छ। ५० प्रतिशत महिला भनेको युवामा पनि लागू हुने हो। फिल्टर के राखिएको हो भने रिजनल भेला गर्दा कम्तिमा प्रत्येक क्षेत्रमा वर्षमा एउटा भएपनि राष्ट्रिय स्तरको कार्यक्रम त हुने भयो। जुन फोरम हामीले भनेका छौं त्यो क्याम्पेनिङ्ग सहित नै हुने हो। यो रिजनल भेलाको मर्म नै *कस्ट इफिसियन्सी* र *लोकलाइजेसन* हो। साथै अहिलेकै प्रावधानअनुसार कम्तिमा दुई जनाले त त्यो रिजनल भेलामा आएर आफ्नो मताधिकार प्रयोग गर्ने अधिकार सुनिश्चित नै छ नि। बढी सदस्यता भएकाहरूलाई थप

सहभागिताको अवसर पनि रहेको छ। कुनै प्रदेशमा व्यक्तिगत सदस्य शुन्य हुन सक्ने पनि होला वा एक दुई जना मात्र होला त्यसलाई कसरी मिलाउने भन्ने कुरा हामी पछि कार्यविधिका मार्फतबाट संवोधन गरौंला। तर एउटा बुझ्नुपर्ने कुरा के हो भने जसरी राष्ट्रिय सभाको प्रतिनिधि सङ्ख्या नेपालको जनसङ्ख्या जतिसुकै बढे पनि वा पालिका सङ्ख्या जति नै थपेपनि १६५ नै हो त्यसरी नै हाम्रो पनि साधारण सभाको प्रतिनिधिको सङ्ख्या १०० हुने हो भनेर तपाईं हामीले स्वीकारेको अवस्था हो अब। हामी बोर्डमा भएकोले हामीले नियन्त्रण गर्न खोजेको जस्तो पनि लागेको होला यहाँहरूलाई। तर उम्मेदवारी त जसले पनि दिन पायो। जुनसुकै पदमा दिन पायो। कतै छेकबारै छैन। प्रेपकमको एकजना महिलासहित दुई जना सदस्य त साधारणसभाबाट चुन्ने भनेका छौं। अब त्यसमा बोर्डले आफ्नो अनुकूल गर्न खोज्यो भन्नु अलिकति अमिल्दो कुरा हो की। र अर्को कुरा यो भनेको खर्च पनि प्रत्येक प्रदेशमा डिस्बर्स हुने, मानवअधिकार अभियानसँग पनि जोड्ने कन्सेप्ट हो यो। आफू परिँदैन कि भन्ने चिन्ताबाट बाहिर आएर प्रतिनिधि नुहुँदा पनि अवसर खुला छ भन्ने कुरामा ध्यान दिँदा त्यति धेरै चिन्ता लिनु नपर्ला। धन्यवाद।"

त्यसपछि सभा अध्यक्षले एम्नेस्टी अस्ट्रेलियाको उदाहरण दिनुभयो। जतिसुकै सदस्य भएपनि अस्ट्रेलियन शाखामा प्रतिनिधिको सङ्ख्या ६० जना रहेको उहाँले बताउनुभयो। १०० जना प्रतिनिधि तोक्नुको उद्देश्माथि प्रकाश पार्दै अध्यक्षले भन्नुभयो "संरचनाहरूमात्र थप्दै जाने हो भने धान्ने कसरी भन्ने पनि विचार गर्नुपर्ने हुन्छ। एम्नेस्टी शाखाले साधारण सभामात्र गरेर बस्ने त होइन। युरोपका अरू ठूला शाखाहरूले पनि १०० जनाको प्रतिनिधित्व निर्धारण गरेका छन्। एम्नेस्टी फिलिपिन्समा पनि यही अभ्यास छ। अन्यत्र अभ्यास भइरहेको मोडल हामीले ल्याइरहेको अनुरोध गर्दछु। भोलि सदस्यता सङ्ख्या ५०० मा झर्दा पनि वा ५० हजार पुग्दा पनि अबको प्रतिनिधित्व १०० नै हो। रिजनल मिटिङ्ग आठवठा गर्नु र सातवटा गर्नुको फरक भनेको सातवटा गर्दा खर्च बढ्ने मात्रै हो। १३८ वटा विद्यमान संरचनामा ५३ वटा बागमती प्रदेशमा छन्। बागमतिका सबै प्रतिनिधिलाई एकै ठाउँमा जम्मा गर्दा वैज्ञानिक नहुने देखेर नै हामीले उपत्यका क्षेत्रको कन्सेप्ट ल्याएका हौं। रिजनल मिटिङ्गले संस्थालाई अझ बलियो बनाउँछ भन्ने अवधारणा हो। एम्नेस्टी अभियान केवल चुनाव केन्द्रित छ भन्ने न्यारेटिभभन्दा माथि उठी १०० जना "क्वालिटेटिभ" प्रतिनिधिहरूको सहभागिताबाट गुणात्मक साधारण सभाको परिकल्पना गरिरहेका छौं।"

समूह ३६ को किन प्रेदश भेला नभनिएको भन्ने प्रश्नमा सभा अध्यक्षले उपत्यका क्षेत्रलाई प्रदेश भन्न नसकिने भएर सबैलाई क्षेत्रीय भेला भनिएको स्पष्ट पार्नुभयो। समूह ३४ र १९ को सुझावका लागि धन्यवाद व्यक्त गर्नुभयो। समूह ७१ र ३३ को रिजनल फोरमसम्बन्धी प्रश्न स्पष्ट पारिसकेको जनाउनुभयो। विभेदको प्रश्नको सवालम कसैलाई विभेद नगरिएको र नगरिने जनाउनुभयो। भर्चुअल माध्यम भन्दा भौतिक माध्यमबाट मात्रै साधारण सभा गर्नुपर्छ भन्ने सवालमा आवश्यकता अनुसार नेसनल बोर्डले साधारण सभाको विधि तोक्ने हो र *प्यान्डेमिक* जस्तो अवस्थामा साधारण सभा नै नभएर संस्थाको निरन्तरतामा नै प्रश्न चिन्ह आउन सक्ने विगतको अनुभवबाट पाठ सिक्दै "वर्स्ट केस सिनारिओ" मा भर्चुअल माध्यमबाट पनि साधारण सभा गर्न सकिने विकल्पलाई पहिल्याइएको बताउनुभयो। समूह ४८ को समर्थनप्रति आभार व्यक्त गर्नुभयो। समूह ५६ को *कस्ट*सम्बन्धी प्रश्नमा अघि नै स्पष्टता पारिसकेको जनाउनुभयो। समूह ५५ बाट प्रेपकमको सवालमा आएको प्रश्नको जवाफ दिँदै हामी अब अन्तर्राष्ट्रिय मोडलमा जान खोजेको निवेदन गर्नुभयो र अहिले आफू एसिया प्यासिफिक रिजनल फोरम प्रेपकमको सदस्य रहेको जानकारी पनि गराउनुभयो। २ जना निर्वाचित सहित सचिवलाय र बोर्डको प्रतिनिधिसहितको प्रेपकमको परिकल्पना गरिएको उल्लेख गर्नुभयो। १४ देखि २५ वर्षको सवालमा जिल्ला प्रशासन कार्यालयले १६ वर्षदेखि गर्नु भन्ने सुझाव दिएकोले सोहीअनुसार गरिएको निवेदन

गर्नुभयो। *याक्सन सेन्ट्रिक* हुनुपर्ने सवालमा नेपाल युथनेटवर्कका प्रतिनिधिको सवालमा सहमति जनाउँदै प्रस्तावित प्रावधानले अब नेपाल शाखालाई त्यही बाटोमा डोर्याउने विश्वास लिएको जनाउनुभयो। समूह ४९ को प्रतिनिधिको चिन्ताको सवाललाई संबोधन गर्दै उहाँले पहिले युवाको सदस्यता बीसौं वर्षदेखि ५० रहेकोमा त्यसलाई एउटै बनाउन महेन्द्रनगरमा सम्पन्न २६ औं साधारणबाट समूहको सदस्यता सङ्ख्या पनि ५० बनाइएकोमा अहिले ३५ मा झारेर तल आएको कुरालाई "याक्नलेज" नगरिकन खालि "पोलिटिकल" स्थार्थको कुरा मात्र गर्नु उचित नहुने जोड दिनुभयो। एम्नेस्टीको अभियानलाई "लोकल्ली याक्टिभेट" गर्ने उद्देश्यले नै यो प्रस्ताव आएको बताउनुभयो। समूह २७ का प्रतिनिधिको समर्थनप्रति आभारी प्रकट गर्नुभयो। डाइनामिक युथनेटवर्कको प्रनितिधिको महत्त्वपूर्ण सुझावप्रति पनि आभार व्यक्त गर्नुभयो। समूह ४३ को सवालमा समूह र युथनेटवर्कको समान हैसियत भएको र *इक्वयल फुटिङ्ग*मा रहेको अनुरोध गर्नुभयो। व्यक्तिगत सदस्यहरूको न्यायोचित सहभागिता भएन भनेर गम्भीर सवाल आएको सन्दर्भमा प्रत्येक क्षेत्रीय भेलाबाट कम्तिमा एक जनाको सहभागिताको कुरा ल्याइएको जनाउनुभयो। युथलाई बोर्डको २ सिट कोटा मात्र भएको तर ११ सिटमा नै उनीहरूले प्रतिश्पर्धा गर्न पाउने स्पष्ट पार्नुभयो र सबै सुझावहरूप्रति धन्यवाद व्यक्त गर्नुभयो। समूह २४ को प्रतिनिधिको जिज्ञासालाई कार्यविधिका माध्यबाट संबोधन गर्ने र आवश्यकताअनुसार सदस्यता विस्तारमा लाग्दै गएपछि समस्या संवोधन हुँदै जाने व्यक्त गर्नुभयो।

प्रतिनिधिहरूको प्रश्नको जवाफपछि अध्यक्षले प्रस्तावउपर निर्णयार्थ प्रकृयामा जान लागेको जनाउनुभयो। सबै प्रतिनिधिहरूलाई यो विषय सर्वसम्मत रूपमा पारित गर्न अनुरोध गर्नुभयो। त्यसपछि सभाका सबै प्रतिनिधिहरूले गडगडाहड तालिका साथ नेसनल बोर्डद्वारा प्रस्तुत विधान संशोधन प्रस्तावमा समर्थन जनाउँदै अनुमोदन गर्नुभयो। सभाअधक्षले कुनै अब्जेक्सन छ भनेर प्रश्न गर्नुभयो। फ्लोरबाट "नो अब्जेक्सन" भन्ने जवाफ आएपछि अध्यक्षले **नेसनल बोर्डद्वारा प्रस्तुत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन प्रस्ताव सर्वसम्मतिले अनुमोदन भएको कुरा सभालाई सधन्यवाद जानकारी गराउनुभयो।**

**निर्णयः** साधारण सभाले नेसनल बोर्डद्वारा प्रस्तुत गरिएको **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान, २०५८ (सन् २००१) को आठौं संशोधन** प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको नियमावलीहरू संशोधनसम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदन

सभा अध्यक्ष बिपिन बुढाथोकीले भर्खरै यसै साधारण सभाबाट संशोधित विधानअनुरूप हुने गरी परिवर्तन गरिएका नियमावलीहरू **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली, २०६२ (सन् २००५) को छैठौं संशोधन** प्रस्ताव, **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथनेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन** प्रस्ताव र **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सदस्यहरूको क्षेत्रीय भेलासम्बन्धी नियमावली**, २०८० (सन् २०२३) सम्बन्धी प्रस्तावका बारेमा सभालाई जानकारी गराउनुभयो।

त्यसपछि सभाका अध्यक्षले कोषाधक्ष रोशन बजगाईंलाई **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आर्थिक नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन** प्रस्तावका बारेमा प्रस्तुतिका लागि अनुरोध गर्नुभयो। कोषाधक्षले संशोधन प्रस्तावमा पेट्टि क्यासको दायरालाई तीस हजार बाट ४० हजार बनाइएको,

दशहजारसम्मको भुक्तानी क्यासबाटै गर्न सकिने र सोभन्दा माथिको भुक्तानी चेकबाट गर्ने प्रावधान राखिएको, डाइरेक्ट खरिदको रेन्जलाई बढाएर पाँच लाखसम्म बनाइएको र पाँच लाखदेखि २० लाखसम्मको खरिदको लागि कोटेसन र २० लाख भन्दा माथिको खरिदका लागि बिडिङ्ग प्रकृयाको प्रावधान राखिएको सभालाई जानकारी गराउनुभयो।

त्यसपछि उल्लेखित चारै वटा नियमावली अनुमोदन गर्नका लागि सभाका अध्यक्ष बिविन बुढाथोकीले सभासमक्ष अनुरोध गर्नुभयो। सभाले उक्त प्रस्तावहरूलाई सर्वसम्मतिले अनुमोदन गरेपछि सभा अध्यक्षले नेसनल बोर्डद्वारा प्रस्तुत नियमावलीहरू संशोधनसम्बन्धी प्रस्ताव अनुमोदन भएको सधन्यवाद जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले नेसनल बोर्डद्वारा प्रस्तुत गरिएको **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली, २०६२ (सन् २००५) को छैठौं संशोधन** प्रस्ताव, **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूह र युथनेटवर्क सञ्चालनसम्बन्धी नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन** प्रस्ताव, **एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सदस्यहरूको क्षेत्रीय भेलासम्बन्धी नियमावली, २०८० (सन् २०२३) र एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आर्थिक नियमावली, २०६२ (सन् २००५) को पाँचौं संशोधन** प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

## प्रेपकम र नोमिनेसन कमिटको सङ्क्रमणकालीन व्यवस्थासम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदन

सभा अध्यक्ष बिपिन बुढाथोकीले संशोधित विधान कार्यान्वयनका लागि प्रेपकम र नोमिनेसन कमिटिको सङ्क्रमणकालीन व्यवस्था कसरी गर्ने भन्ने प्रस्ताव राखिदिनका लागि निर्देशक निराजन थपलियालाई अनुरोध गर्नुभयो। निर्देशक थपलियाले आगामी साधारण सभाबाट प्रेपकम र नोमिनेसन कमिटिको निर्वाचन नभइन्जेलसम्मको लागि नेसनल बोर्डले नै तदर्थ प्रेपकम र नोमिनेसन कमिटिको गठन गरी संशोधित विधानको कार्यान्वयनको प्रकृया अगाडि बढाउन ३२ औं साधारण सभाले कार्यदिश दिनु उचित हुने प्रस्ताव पेश गर्नुभयो।

सभा अध्यक्ष बुढाथोकीले साधारण सभालाई निर्देशक थपलियाको प्रस्तावको बारेमा निर्णय गर्न अनुरोध गरेकोमा सभाले उक्त प्रस्तवालाई सर्वसम्मतिले अनुमोदन गरेपछि सभाअध्यक्षले उक्त प्रस्ताव अनुमोदन भएको सधन्यवाद सभालाई जानकारी गराउनुभयो।

**निर्णयः** साधारण सभाले आगामी ३३ औं साधारण सभाबाट प्रेपकम र नोमिनेसन कमिटिको निर्वाचन नभइन्जेलसम्मको लागि वर्तमान नेसनल बोर्डले नै **तदर्थ प्रेपकम र नोमिनेसन कमिटि**को गठन गरी संशोधित विधानको कार्यान्वयनको प्रकृया अगाडि बढाउने प्रस्तावलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गर्यो।

# ३२ औं साधारण सभाको समापन

साधारण सभाले सबै एजेण्डाहरूमा छलफल सकेपछि सभाका अध्यक्ष बिपिन बुढाथोकीले समापन सत्रका लागि पूर्व अध्यक्षहरू चरण प्रसाईं, ध्रुव कार्की, प्रदिप पोखेल, राजु सरकार, राजन कुईकेल, बिक्रम ढुकुछु र बोर्डका सबै पदाधिकारी र सदस्यहरूलाई मञ्चमा आमन्त्रण गर्नुभयो। उहाँले अन्तर्राष्ट्रिय सचिवलायका प्रतिनिधि बाबुराम पन्त, इन्टरनेसलन नोमिनेसन कमिटिका उपाध्यक्ष पासाङ शेर्पा, द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष सुमन अधिकारीलाई पनि मञ्चमा आमन्त्रण गर्नुभयो। त्यसपछि ३२ औं साधारण सभा सम्पन्न गर्नका लागि सकारात्मक भूमिका खेल्नुहुने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो।

त्यसपछि सभा अध्यक्ष बुढाथोकीले **निवर्तमान अध्यक्ष बिक्रम ढुकुछु**लाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभयो।

**निवर्तमान अध्यक्ष ढुकुछुले** सबै एजेण्डा पास भइसकेको सन्दर्भमा सबैलाई बधाई ज्ञापन गर्दै अन्तर्राष्ट्रिय सचिवालयसँग एमओयु आफूले नै हस्ताक्षर गरेकोले यसको कहिल्यै विरोध नगरेको व्यक्त गर्नुभयो। साथै धुलिखेलको साधारणसभापछि आफूसँग उति धेरै परामर्श नगरिएकोमा गुनासो गर्नुभयो। "वन एम्नेस्टी"को अवधारणा भन्दा बाहिर गएर कसैले पनि काम गर्न निमिल्ने भन्दै नेसनल बोर्डले ल्याएको नयाँ प्रस्ताव अनुमोदन भएकोमा बधाई र शुभकामना व्यक्त गर्नुभयो। संस्थाको हितको लागि सँधै आफू उभिएको जनाउँदै एम्नेस्टी नेपालको हितमा विगतमा जस्तै लागि पर्ने जनाउनुभयो।

त्यसपछि **पूर्वअध्यक्ष हेमकुमार खड्काले आफ्नो मन्तव्य** राख्नुभयो। रामदास र रामायणको चाखलाग्दो कहानी उद्धृत गर्दै उहाँले हनुमानले आवेग र रिसको अवस्थामा कसरी सेतो फूललाई समेत रातो देख्न पुगेका थिए भन्ने बताउँदै एम्नेस्टी नेपालको आजको साधारण सभा र यसको ऐतिहासिकतालाई हेर्ने दृष्टिकोण पनि त्यस्तै हुन सक्ने संज्ञा दिनुभयो। कसैले यस परिघटनालाई रातो देखेको त कसैले सेतो देखेको पनि हुनसक्छ भन्नुहुँदै जे भएको छ राम्रो भएको छ र राम्रैका लागि हुनेछन् भन्ने भनाइ राख्नुभयो।

**पूर्व अध्यक्ष प्रदिप पोखेल**ले आफ्नो मन्तव्य राख्दै ३२ औं साधारण सभा बहुत सौहार्दपूर्ण रूपमा सम्पन्न भएको जनाउनुभयो। आफूले अध्यक्षता गरेको समय र अहिलेको समयमा संस्थामा धेरै गुणात्मक परिवर्तन आएको उल्लेख गर्नुहुँदै धेरै छलफलहरू अन्तर्राष्ट्रिय मापदण्ड र अभ्याससँग समेत तुलना गरेर भएको जनाउनुभयो। आफ्नो विचार र सङ्गठनलाई समयानुकूल रूपान्तरण गर्नुपर्ने, नयाँ सोच र चिन्तनलाई स्थान दिनुपर्ने, नयाँ सोच र चिन्तनलाई जसले बुझ्न र आभास गर्न सक्छ त्यो नै अगाडि बढ्न सक्ने उल्लेख गर्नुभयो। समयको मागलाई बुझ्न नसक्ने जोकोही सान्दर्भिक नहुने बताउनुभयो। नयाँ संस्कृतिको अभ्यास गर्दा मौलिकतालाई चाहीं भने बिर्सन नहुने बताउनुभयो। आफ्नो चिन्तन, परम्परा र मौलिकतालाई पनि निरन्तरतासँग जोड्न सक्यौं भने सफल हुन्छौं र यो साधारण सभाले यो अभ्यासलाई अगाडि बढाएको उल्लेख गर्नुभयो। अब संशोधित विधानको कार्यान्वयनको विषय प्रमुख रहेको पनि उल्लेख गर्नुभयो। युवा नेतृत्वको अध्यक्षले यसलाई थप सफलताका साथ अगाडि बढाउने छ भन्ने विश्वास व्यक्त गर्नुभयो।

**पूर्व अध्यक्ष ध्रुवकुमार कार्की**ले मन्तव्य राख्दै अन्तर्राष्ट्रिय सचिवालयसँग हस्ताक्षर गरिएको एमओयुको पृष्ठभूमि, स्थानीय सन्दर्भ र आवश्यकतासमेतको आधारमा नेसनल बोर्डद्वारा प्रस्तावित विधान संशोधन प्रस्ताव प्रस्तुत भई पारित समेत भइसकेको कुरा सकारात्मक रहेको जनाउनुभयो। एम्नेस्टी नेपालको भविष्य अरू उज्जवल र

प्रगतिमूलक होस्, अन्तर्राष्ट्रिय स्तरमा जस्तै प्रभावभमूखी काम गर्न सकोस् भन्ने उद्देश्यका साथ संशोधन ल्याइएको र यसको प्रयोग भएपछि यसले अझ राम्रो परिणाम ल्याउन सकोस्, आफ्नो लक्ष हाँसिल गर्न सकोस् र अझ गुणवत्तत्ता कायम गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्नुभयो।

**पूर्व अध्यक्ष राजु सरकारले** अध्यक्ष बिपिन बुढाथोकी र सबै प्रतिनिधिलाई ३२औं साधारण सभा सफलतापूर्वक सम्पन्न भएकोमा धन्यवाद व्यक्त गर्नुभयो। छलफलको केन्द्रविन्दु कसले के पायो र के गुमायो भन्दा पनि परिवर्तन अपरिहार्य भएकोले परिवर्तनमा आफूलाई कति समाहित गरियो भन्ने हो बताउनुभयो। कार्यशैली, जीनवशैले, पद्धति, व्यवहार सबै क्षण क्षणमा परिवर्तन हुने र लामो अन्तरालमा त झन व्यापक परिवर्तन हुने कुरा औंल्याउनुभयो। "इन्टरनजेनरेसनलाइज" र "मेन्स्ट्रिम" गर्ने कुरालाई पनि ख्याल गर्नुपर्ने र ३२ औं साधारण सभा आयोजना गर्दा ३२ वर्षको इतिहासलाई पनि सम्झिने र सम्मान गर्ने कुरालाई नजरअन्दाज गर्न नहुने कुरामा जोड दिनुभयो। विगतमा नेपाल शाखा खारेज भएको अवस्थामा पुनर्स्थापित गर्नेबेलामा "हामी पूर्वअध्यक्षहरू सबै युवा थियौं र हामीले नै जागरूकता लिएको हौं" भन्दै मानवअधिकारको भावनालाई आत्मसात गर्ने र निहित स्वार्थलाई पर राखेर संस्थाको उद्देश्य र ध्येयमा केन्द्रित हुनेगरी लाग्न सबै युवा अभियन्ताहरूलाई शुभकामना व्यक्त गर्दै प्रगतिको कामना गर्नुभयो।

**पूर्व अध्यक्ष राजन प्रसाद कुईंकेल**ले सर्वसम्मतद्वारा भएको आजको निर्णय सबैको काँधमा पाँच पाँच क्विन्टलको भारी भएको र यसलाई सही तरिकाले गन्तव्यमा पुर्याउनुपर्ने आवश्यकता रहेको विषय औंल्याउनुभयो। हामी पूर्व युवाहरू जसरी आज यो मञ्चमा छौं तपाईं वर्तमान युवा साथीहरू भोलि यसैगरी यो मञ्चमा हुनुहुनेछ भन्नुहुँदै एम्नेस्टी नेपाल आफ्नो जीवनको कालखण्डमा एकदमै कठिन यात्राहरू पार गर्दै अघि बढेको र संस्थासँग तितो न तितो अनुभव पनि भएको, शाखा नै गुमाउनुपरेको अवस्था, पछि पनि धेरै कठिनाइहरू झेल्दै अघि बढेको अवस्थाको स्मरण गर्नुभयो। उहाँले निर्वतमान अध्यक्ष बिक्रम ढुकुछुलाई सङ्केत गर्दै सबैभन्दा ठूलो जित आजको विधान संशोधनको सर्वसम्मत अनुमोदनले अरू कसैको नभएर स्वयं निवर्तमान अध्यक्ष ढुकुछुको भएको उल्लेख गर्नुभयो। उहाँले एकदमै "क्रुसियल" कालखण्डमा नेतृत्व गर्नुभएको र डुङ्गालाई सहज तरिकामा पार गराउन सफल तरिकाले आफ्नो जिम्मेवारी नयाँ कार्यसमितिलाई हस्तान्तरण गर्नुभएको र त्यो कार्यसमिति उहाँकै निरन्तरताको कार्यसमिति भएकोले यसमा उहाँले मन खल्लो पार्नु पर्ने र खुम्च्याउनुपर्नेक कुनै विषय नभएको जनाउनुभयो। जसरी यो कार्यसमितिले सबै कुराहरू आज कुशलतापूर्वक सम्पन्न गरेको छ यसमा सबैभन्दा खुशी उहाँ नै हुनुपर्ने हो भन्ने औंल्याउनुभयो। सबैभन्दा ठूलो जिम्मेवारी वर्तमान कार्यसमितिको काँधमा रहेको पुनः जोड दिनुभयो। सर्वसम्मत भावले जसरी एउटा जिम्मेवारी प्राप्त भएको छ त्यसमा अत्यन्तै गम्भीर बन्न नेसनल बोर्डलाई अनुरोध गर्दै केही फरक स्वर राख्नुभएका प्रतिनिधिहरूलाई विधान जीवित दस्तावेज भएको र कुनै ढुङ्गाको अक्षर नभएकोले समयानुकूल भोलि पनि परिवर्तन गर्न सकिने कुरा औंल्याउँदै धेरै चिन्ता नगर्न निवेदन गर्नुभयो। सर्वसम्मत निर्णय गरी खुसियालीका साथ फर्कने अवस्था मिलेकोमा सबैलाई धन्यवाद गर्दै संस्थाको उज्ज्वल भविष्यको कामना गर्नुभयो।

समापन सत्रको अन्तिम वक्ताको रूपमा बोल्दै **पूर्व अध्यक्ष चरण प्रसाईंले सबैलाई** बधाई ज्ञापन गर्नुभयो। उहाँले पहिलो बधाई निवर्तमान अध्यक्ष बिक्रम ढुकुछुलाई र दोश्रो बधाई वर्तमान लिडरसिप, बोर्ड र सचिवालयको टिमलाई दिनु भयो। "सौहार्दपूर्ण वातावरणमा जसरी यो साधारणसभा सम्पन्न भयो यसमा म सम्पूर्ण लिडरसिपलाई धन्यवाद दिन चाहन्छु। यो अध्यक्षको एउटा कुशलता र चातुर्य पनि हो। यो आमुल परिवर्तन त्यति सहज थिएन। तर सम्भव भयो। सर्वसम्मत रूपमा। झिनो आशङ्का पनि देखियो। तर आशङ्का

राख्नुहुनेमा भरोशा र विश्वास पनि छ। आशङ्कलाई अलिकति तोड्नुपर्ने हुन सक्छ। क्षेत्रीय फोरममा समूहले आफ्नो सहभागिताको आशङ्का देखाएका छन् तर मेरो विचारमा कार्यान्वयनका क्रममा यही कार्यसमितिले यसको सुनिश्चितता गर्नेछ। पचास प्रतिशत महिला समूह र युथ दुवैबाट गरेर हुने भएकोले समूहले आफ्नो सहभागिता कम हुने हो की भन्ने आशङ्का छोडेर जाँदा हुन्छ किनभने समूहका महिलाको पनि त सहभागिताको कुरा हो नि यो। अध्यक्षले त्यो सुनिश्चित गर्ने भनिसक्नुभएको छ। युथ र ग्रुप दुवैलाई भलाई हुने गरी यो विधान आएको छ। युथ भविष्य हो। समूहमा पनि एउटै व्यक्तिको अत्यधिक हावीलाई तोड्नु आवश्यक छ। युथहरूमा नयाँ नेतृत्व जन्माउने र ह्याण्डहोभरको कल्चर विकास गर्नु आवश्यकता छ। समूहमा पनि त्यो आवश्यक छ। त्यसैगरी आर्थिक रूपमा दिगो हुने, बिस्तार अन्तर्राष्ट्रिय सहयोग नलिकन कसरी अघि बढ्ने भन्नेमा काम गर्ने भन्ने सवालमा सोच्नु आवश्यक छ। एकदमै सफलतापूर्वक यो ३२ औं साधारण सभा सम्पन्न गर्नुभएको छ। बिक्रमजी तपाईंले धेरै राम्रो गर्नुभएको छ। बिपिनजी, बिक्रमजी र निराजनजी तपाईंहरू सँगसँगै भएर नयाँ विधानलाई कार्यन्वयन गर्नु आवश्यक छ। तपाईंहरूको माझ आउँदा मलाई जहिल्यै जवान अनुभव गर्छु" भन्दै उहाँले आफ्नो मन्तव्य टुङ्ग्याउनुभयो।

त्यसपछि दुई दिनको सङ्क्षिप्त फ्ल्यासब्याक भिडियो प्रस्तुत गर्न अध्यक्षले सचिवालयको टिमलाई अनुरोध गर्नुभयो।

भिडियो प्रदर्शनपछि अध्यक्षले भिडियो तयार गर्नुहुने **जहुर वाणीलाई** धन्यवाद व्यक्त गर्नुभयो। सचिवालयका टिम, होटल व्यवस्थापन, प्रतिनिधि, अतिथि पूर्व अध्यक्ष सबैप्रति आभारी प्रकट गर्दै धन्यवाद व्यक्त गर्नुभयो। उद्घाटन सत्रमा थारू नृत्य प्रस्तुत गर्नुभएका सबै सदस्यहरू दाङस्थित अग्रासन युथनेटवर्कका सदस्यहरू रहेको बताउँदै त्यस युथनेटवर्कका संस्थापक पर्याप्त चौधरी र सबै सदस्यहरूलाई धन्यवाद व्यक्त गर्नुभयो। आफूमा बन्द सत्रको धेरै चिन्ता रहेको र व्यक्तिको भन्दा पनि संस्थाको जित हुन्छ हुन्न भने चिन्ता रहेको सन्दर्भलाई पनि जोड्नुभयो। सँधै हामी सङ्क्रमणमा छौं भन्ने अवस्था रहेकोमा अब आजको दिनबाट त्यो सङ्क्रमण सकिएको जानकारी गराउनुभयो। पूर्वअध्यक्षहरूको सकारात्मक भूमिकाको आफूले मुक्तकण्ठाले प्रशंसा गरेको जनाउँदै उहाँहरूप्रति आभारी व्यक्त गर्नुभयो। संस्थाको ५४ वर्षको इतिहाँसमा दाङमा आयोजित यस साधारण सभाबाट आफू धेरै सन्तुष्ट भएको जानकारी सभालाई गराउनुभयो। पारित विधानको कार्यान्वयनमा सबै चासोहरूलाई संबोधन गरिने र यो जित संस्थाको जित भएको जनाउँदै पूर्व अध्यक्ष बिक्रम ढुकुछु र आफू संस्थागत भलाइको हकमा सँधै एक ठाउँमा रहेको पनि जानकारी गराउनुभयो। एम्नेस्टी नेपाललाई *सस्टेन* गर्ने सवालमा पनि एउटा *ट्रयाक* बनाउन आवश्यक रहेको जानकारी गराउनुभयो। त्यसपछि समूह र युथनेटवर्कहरू स्थानीय स्तरमा सबल भएमा मात्र अभियान बलियो हुने चर्चा गर्नुभयो। सचिवालयको टोलिलाई पुनः धन्यवाद दिँदै ३२ औं साधारणसभा समापन भएको सभालाई जानकारी गराउनुभयो।

## संलग्न अनुसूची

अनुसूची १: ३२ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

अनुसूची २: नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

### अनुसूची १

३२ औं साधारण सभामा सहभागीहरूको नाम दर्ताको सूची।

**एम्नेस्टी नेपाल समूह र युथनेटवर्क तथा समर्थक सदस्य प्रतिनिधिहरू**

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| १ | समूह २, सुर्खेत | गोमा कुमारी पौडेल |
| २ | | सरिता बुढाथोकी |
| ३ | समूह ४, तेह्रथुम | जगन्नाथ दङ्गाल |
| ४ | | माया खतिवडा |
| ५ | महिला समूह ५, महोत्तरी | निकी कर्ण |
| ६ | | नाइडू कुमारी नेपाली |
| ७ | समूह ७, महोत्तरी | वरुण कुमार मण्डल |
| ८ | | मिना कुमारी साह |
| ९ | समूह ८, काठमाडौं | ममता बास्कोटा |
| १० | | लाल कुमार प्रधान |
| ११ | समूह १०, सुनसरी | मन्दिरा कार्की |
| १२ | | मिश्री लाल मेहता |
| १३ | समूह १२, रुपन्देही | कबिन्द्र नेपाल |
| १४ | | प्रेक्षा खनाल |
| १५ | समूह १४, उर्लाबारी, मोरङ्ग | सुनिल सुवेदी |
| १६ | | दिलकुमारी बस्नेत |
| १७ | समूह १६, बीरगञ्ज, पर्सा | रजनीश झा |
| १८ | | संगीता पटेल |
| १९ | समूह १७, भक्तपुर | सुर्य लक्ष्मी छुस्याबाग |
| २० | | उरुसा खाईतु |
| २१ | समूह १८, काठमाडौं | रचना पण्डित |
| २२ | | माया तुलाचन |
| २३ | समूह १९, रामेछाप | अप्रिल अधिकारी |
| २४ | | मन्जु उप्रेती |
| २५ | समूह २०, काठमाडौं | गणेश भट्टराई |
| २६ | | शिला गौतम |
| २७ | समूह २१, काठमाडौं | स्वर्णिमा कुइँकेल |

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| २८ | | सविना अधिकारी |
| २९ | समूह २२, धुलाबारी, झापा | स्मृति दहाल |
| ३० | | टिकाराम रिजाल |
| ३१ | समूह २४, बारा | दामोदर प्रसाद यादव |
| ३२ | | मिरा देवी |
| ३३ | समूह २५, चितवन | सरस्वती भण्डारी केसी |
| ३४ | | गोमा कुमारी खड्का |
| ३५ | समूह २७, लमजुङ्ग | अमिता भण्डारी |
| ३६ | | सुमन बसौला |
| ३७ | समूह २८, अछाम | शारदा कुमारी रिजाल |
| ३८ | | खगेन्द्र प्रसाद तिमिल्सिना |
| ३९ | समूह २९, कञ्चनपुर | बिमला भट्ट |
| ४० | | सरस्वती दहाल |
| ४१ | समूह ३०, राजविराज | रविन्द्र रोकाय |
| ४२ | | डिकुरा पोखरेल |
| ४३ | समूह ३१, नवलपरासी | सद्दाम हुसेन |
| ४४ | | उत्तमा कुमारी राय |
| ४५ | समूह ३२, काठमाडौं | प्रताप बहादुर थापा |
| ४६ | | तारा सापकोटा |
| ४७ | समूह ३३, चितवन | कालिका प्रसाद पण्डित |
| ४८ | | भागीरथी पोखेल |
| ४९ | समूह ३४, काठमाडौं | सीमा पाण्डे |
| ५० | | दिनेश खनाल |
| ५१ | समूह ३६, प्यूठान | राधिका पन्थी |
| ५२ | | शुसिल श्रेष्ठ |
| ५३ | समूह ३९, नुवाकोट | मञ्जु प्रभा लम्साल |
| ५४ | | प्रशान्त भण्डारी |
| ५५ | समूह ४०, कावासोती, नवलपरासी | वैकुण्ठ प्रसाद अर्याल |
| ५६ | | खगीसरा लामिछाने |
| ५७ | महिला समूह ४२, गोरखा | विनु वाग्ले |
| ५८ | | सरिता अर्याल |
| ५९ | समूह ४४, धनगढी, कैलाली | |
| ६० | | ओम प्रकाश पाण्डेय |
| ६१ | महिला समूह ४६, जनकपुर, धनुषा | |
| ६२ | | सुस्मिता आचार्य |
| ६३ | समूह ४८, बाग्लुङ्ग | श्री कृष्ण पौडेल |

| क्र.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| ६४ | | सुरक्षा खड्का |
| ६५ | समूह ४९, कञ्चनपुर | सिद्दराज भट्ट |
| ६६ | | बेबी बोहरा |
| ६७ | महिला समूह ५०, भक्तपुर | शर्मिला श्रेष्ठ |
| ६८ | | रिना अवाल |
| ६९ | समूह ५२, बर्दिया | दुर्गा गुप्ता |
| ७० | | तारा बहादुर सुनार |
| ७१ | समूह ५४, कास्की | ज्योती हमाल |
| ७२ | | |
| ७३ | महिला समूह ५५, पनौती, काभ्रेपलाञ्चोक | गिता तिमल्सीना |
| ७४ | | सरिता शर्मा |
| ७५ | समूह ५६, भक्तपुर | गीता खड्का |
| ७६ | | गोविन्द बहादुर खड्का |
| ७७ | समूह ५७, जनकपुर | कैलाश प्रसाद |
| ७८ | | |
| ७९ | समूह ६०, दमक, झापा | नम्रता निरौला |
| ८० | | बभ्रुवान दहाल |
| ८१ | समूह ६२, नेपालगञ्ज, बाँके | डा. पंकज कुमार गुप्ता |
| ८२ | | |
| ८३ | समूह ६३, इटहरी, सुनसरी | सीता देवी मगर |
| ८४ | | उमेश राई |
| ८५ | समूह ६४, चित्रवन, चितवन | विभा डल्लाकोटी खनाल |
| ८६ | | लेखनाथ बास्तोला |
| ८७ | समूह ६६, दाङ्ग | पूर्ण बहादुर डाँगी |
| ८८ | | शशीकला जिसी |
| ८९ | समूह ६७, हेटौडा, मकवानपुर | प्रकाश ढकाल |
| ९० | | अजीता पौडेल |
| ९१ | समूह ६८, नेपालगञ्ज, बाँके | |
| ९२ | | |
| ९३ | समूह ६९, सुर्खेत | सीता कुमारी थापा |
| ९४ | | तिला कुमारी पुन मगर |
| ९५ | समूह ७०, काँकडभिट्टा, झापा | रेनुका देवी भट्टराई |
| ९६ | | प्रतिमा चापागाईं |
| ९७ | समूह ७१, कैलाली | ललन प्रसाद चौवे |
| ९८ | | देवकी नेगी |
| ९९ | समूह ७२, पनौती, काभ्रेपलाञ्चाक | एलिसा महत |

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| १०० | | राजेश कुमार श्रेष्ठ |
| १०१ | समूह ७३, विराटनगर, मोरङ्ग | मुन्नु घिमिरे |
| १०२ | | विमल राजभण्डारी |
| १०३ | समूह ७४, कञ्चनपुर | भोज राज पन्त |
| १०४ | | निलम आले |
| १०५ | समूह ७५, दमक, झापा | प्रेम बहादुर बस्नेत |
| १०६ | | निर्मला कुमारी पौडेल |
| १०७ | समूह ७७, जाजरकोट | खम्ब जंग शाह |
| १०८ | | ज्योती कुमारी शाही |
| १०९ | समूह ८०, काठमाडौं | जुना खड्का |
| ११० | | जमुना आचार्य |
| १११ | समूह ८२, पोखरा, कास्की | राजेश बुढामगर |
| ११२ | | शोभा बुढाथोकी |
| ११३ | समूह ८३, दमक, झापा | बसुन्धरा नेपाल |
| ११४ | | सविन रिजाल |
| ११५ | समूह ८७, काँकडभिट्टा, झापा | रेनुका गुरुङ्ग |
| ११६ | | शान्ता देवी सिटौला |
| ११७ | समूह ८९, टिकापुर, कैलाली | मथुराप्रसाद न्यौपाने |
| ११८ | | सीता शाह |
| ११९ | साविक बुटवल महिला निर्माणाधिन समूह, हाल महिला | अमृता रोकाया |
| १२० | समूह ३७, रुपन्देही | लक्ष्मी देवी जोशी |
| १२१ | साविक स्याङजा निर्माणाधिन समूह, हाल समूह ४७, | देव बोगटी |
| १२२ | स्याङजा | भगवती पाण्डे |
| १२३ | काठमाडौ युथ नेटवर्क, काठमाडौं | मनिता सुवेदी |
| १२४ | | ओमकार सुवेदी |
| १२५ | काठमाडौं युनिभर्सिटी युथ नेटवर्क, धुलीखेल | सुनम अमात्य |
| १२६ | | बृतिका गढ्तौला |
| १२७ | काँक्रिबिहार युथ नेटवर्क, सुर्खेत | रश्मी खत्री |
| १२८ | | बिपना के.सी. |
| १२९ | पिस भिजन युथ नेटवर्क, भक्तपुर | मौसम कार्की |
| १३० | | सुमना सापकोटा |
| १३१ | नेसनल ल कलेज युथ नेटवर्क, ललितपुर | हृदयन्द्र जङ्ग शाही |
| १३२ | | पूर्णिमा चन्द |
| १३३ | रामपुर युथ नेटवर्क, चितवन | आकृती तिवारी |
| १३४ | | प्रभात गौतम |
| १३५ | जोसेफ युथ नेटवर्क, काठमाडौं | सुस्मिता भण्डारी |
| १३६ | | सिम्रन ओली |

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| १३७ | बिर्तामोड युथ नेटवर्क, बिर्तामोड, झापा | रविन कुमार साही |
| १३८ | | चाँदनी श्रेष्ठ |
| १३९ | दमक युथ नेटवर्क, दमक, झापा | शशांक यादव |
| १४० | | दिपा धिताल |
| १४१ | केएमसि नेसनल युथ नेटवर्क, काठमाडौं | अप्सना खड्का |
| १४२ | | उमा पौडेल |
| १४३ | रत्ननगर क्रियटिभ युथ नेटवर्क, चितवन | आश्रिका अर्याल |
| १४४ | | कृपेश कार्की |
| १४५ | डाइनामिक युथ नेटवर्क, काठमाडौं | सम्पूर्ण पौडेल |
| १४६ | | उत्सुक्ता सुवेदी |
| १४७ | फ्युजन युथ नेटवर्क, भक्तपुर | शालिनी त्रिपाठी |
| १४८ | | निर्मला ढकाल |
| १४९ | पक्लिहवा युथ नेटवर्क, भैरहवा | अभ्यान्सु भट्टराई |
| १५० | | सलोनी न्हुच्छे प्रधान |
| १५१ | इञ्जिनियरिङ्ग युथ नेटवर्क, ललितपुर | आकृती थापा (क्षेत्री) |
| १५२ | | अमोम अधिकारी |
| १५३ | एनओसी युथ नेटवर्क, ललितपुर | मोहित जोशी |
| १५४ | | अनुराधा दहाल |
| १५५ | नेपाल युथ नेटवर्क, काठमाडौं | दिप्ती आचार्य |
| १५६ | | सुशान्त पराजुली |
| १५७ | इन्द्रेश्वर युथ नेटवर्क, पनौती | प्रशिद्ध कोइराला |
| १५८ | | संगीता रावत |
| १५९ | फरेष्ट्री युथ नेटवर्क, हेटौडा | साधना पौडेल |
| १६० | | संदिप तामाङ |
| १६१ | कृषि क्याम्पस युथ नेटवर्क, लम्जुङ्ग | सदिस सिंखडा |
| १६२ | | मीना थापा |
| १६३ | अम्विकेश्वरी युथ नेटवर्क, दाङ | ममता के.सी. |
| १६४ | | चन्द्र प्रकाश के.सी. |
| १६५ | भिक्टोरिया युथ नेटवर्क, दाङ | भुवन घिमिरे |
| १६६ | | रबिना कार्की |
| १६७ | युनाइटेड युथ नेटवर्क, काठमाडौं | अमिर भण्डारी |
| १६८ | | शुभनीमा खनाल |
| १६९ | धुलाबारी युथ नेटवर्क, धुलाबारी, झापा | प्रज्वल कार्की |
| १७० | | एलिसा खड्का |
| १७१ | इलाइजन युथ नेटवर्क, काठमाडौं | रियाज कार्की |
| १७२ | | अल्सा पोते |

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| १७३ | क्वालिटी युथ नेटवर्क, भक्तपुर | रोशनी खड्का |
| १७४ | | प्रविना लामिछाने |
| १७५ | गोरखा इन्टरनेसनल युथनेटवर्क, दाङ | सहाना भण्डारी |
| १७६ | | नवराज गौतम |
| १७७ | थापाथली युथ नेटवर्क, काठमाडौं | श्रेया पाण्डे |
| १७८ | | पुजन जङ्ग थापा |
| १७९ | एनसिसी युथ नेटवर्क, काठमाडौं | ऋषि राम रोकाया |
| १८० | | कृष्णा अवाल |
| १८१ | देवी युथ नेटवर्क, विर्तामोड, झापा | पूजा अधिकारी |
| १८२ | | आयूष बराल |
| १८३ | आयुर्वेद क्याम्पस युथ नेटवर्क, काठमाडौं | विदुषी न्यौपाने |
| १८४ | | प्रेमराज जोशी |
| १८५ | त्रिचन्द्र युथ नेटवर्क, काठमाडौं | सनम ओली |
| १८६ | | सृजना घिमिरे |
| १८७ | हिकाष्ट युथ नेटवर्क, काठमाडौं | निष्मा पौडेल |
| १८८ | | बिपना न्यौपाने |
| १८९ | टियु युथ नेटवर्क, काठमाडौं | रोशनी पाठक |
| १९० | | रेजिना लईंटेल |
| १९१ | अग्रासन युथ नेटवर्क, दाङ | स्वस्तिका चौधरी |
| १९२ | | अजित चौधरी |
| १९३ | युसिएमएस युथ नेटवर्क, भैरहवा | सन्तोष चौधरी |
| १९४ | | अनुसुया भण्डारी |
| १९५ | कैलाली युथ नेटवर्क, कैलाली | निकिता झा |
| १९६ | | सञ्जोग पोखेल |
| १९७ | लमही युथ नेटवर्क, दाङ | शिविर श्रेष्ठ |
| १९८ | | सुमोना खनाल |
| १९९ | पाखीवास युथ नेटवर्क, धनकुटा | विवेक अर्याल |
| २०० | | सँस्कृती भट्टराई |
| २०१ | पुरनचौर युथ नेटवर्क, कास्की | मेनुका जीसी |
| २०२ | | समीक्षा ढकाल |
| २०३ | शुक्लाफाँटा युथ नेटवर्क, कञ्चनपुर | तपराज भट्ट |
| २०४ | | जेनी कुसुम ढुङ्गाना |
| २०५ | खैरहनी युथ नेटवर्क, चितवन | चक्र ओझा |
| २०६ | | आकृती गहतराज |
| २०७ | महोत्तरी युथ नेटवर्क, महोत्तरी | अंकित कुमार साह |
| २०८ | | लक्ष्मी सहनी |
| २०९ | ह्युमानिटी हाउस युथ नेटवर्क, काठमाडौं | सुकृति श्रेष्ठ |

| क.सं. | समूह/युथ नेटवर्क | प्रतिनिधिको नाम |
|---|---|---|
| २१० | | शम्भु कुमार सहनी |
| २११ | बीरेन्द्रनगर युथ नेटवर्क, सुर्खेत | सुनीला थापा |
| २१२ | | सुवास शर्मा |
| २१३ | ऐश्वर्या युथ नेटवर्क, कैलाली | सुरज खड्का |
| २१४ | | भावना ओझा |
| २१५ | समूह ४३, बनेपा | प्रेम प्यारी श्रेष्ठ (सुमित्रा) |
| २१६ | | राजन भालु |
| २१७ | समर्थक सदस्य (महिला) | एलिशा बुढाथोकी |
| २१८ | समर्थक सदस्य | प्रेमचन्द शाह आनन्द |

**जम्मा**

१. एम्नेस्टी नेपालको विधान र साधारण सभा नियमावली अनुसार बत्तिसौं साधारण सभामा उपस्थित हुन पाउने समूह र युथ नेटवर्कहरूको संख्या क्रमशः ६५ र ४६

२. निर्धारित मितिभित्र प्रतिनिधि तोकी पठाएका समूह र युथ नेटवर्कहरूको संख्या क्रमशः ६२ र ४६

३. उपस्थित समूह र युथ नेटवर्कहरूको संख्या क्रमशः ६२ र ४६

४. समर्थक सदस्यहरूलाई प्रतिनिधित्व गरी उपस्थित हुने प्रतिनिधिः २ जना

५. कुल उपस्थित प्रतिनिधि संख्या : २०९

**पर्यवेक्षकहरू**

निर्धारित प्रकृया पूरा नगरी प्रतिनिधि तोकी पठाएकोमा नेसनल बोर्डद्वारा पर्यवेक्षकका रूपमा सहभागी गराउने निर्णय गरिएका समूहहरू

| क्र.सं. | समूह/युथ नेटवर्क | पर्यवेक्षकको नाम |
|---|---|---|
| १ | समूह ५१, कपिलवस्तु | महेन्द्र प्रसाद खनाल |
| २ | | देवी कला न्यैपाने |
| ३ | समूह ६१, ललितपुर | रूपक महर्जन |

**नेसनल बोर्डका पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | बिपिन बुढाथोकी | अध्यक्ष |
| २ | केशव पोखरेल | उपाध्यक्ष |
| ३ | शचिता कुँइकेल | महासचिव |
| ४ | होम बहादुर अधिकारी | उपमहासचिव |
| ५ | रोशन बजगाईं | कोषाध्यक्ष |
| ६ | निखिल पोखेल | सदस्य |
| ७ | बिमला वाग्ले | सदस्य |
| ८ | देवेन्द्र कुमार सेजुवाल | सदस्य |
| ९ | मञ्जु विश्वकर्मा | सदस्य |
| १० | गरिमा पाण्डेय | सदस्य |

**पुनरावेदन समितिका पदाधिकारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | जीवन प्रसाद फुयाल | संयोजक |

**नेसनल बोर्डद्वारा आमन्त्रित पर्यवेक्षकहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | चरणकुमार प्रसाईं | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| २ | राजु सरकार | पूर्व का. अध्यक्ष, एम्नेस्टी नेपाल |
| ३ | प्रदिप पोखरेल | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ४ | ध्रवकुमार कार्की | पूर्व का. अध्यक्ष, एम्नेस्टी नेपाल |
| ५ | हेमकुमार खड्का | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ६ | राजन प्रसाद कुइँकेल | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ७ | विक्रम ढुकुछु | पूर्व अध्यक्ष, एम्नेस्टी नेपाल |
| ८ | पासाङ्ग शेर्पा | उपाध्यक्ष, अन्तर्राष्ट्रिय नोमिनेसन समिमि |

| क्र.सं. | नाम | पद |
|---|---|---|
| ९ | पार्वता आचार्य | संयोजक, नीति, रणनीति र योजना तर्जुमा सल्लाह समिति |
| १० | दिलीप पौडेल | संयोजक, मिडिया र मानवअधिकार समिति |
| ११ | सुमन कुमार | संयोजक, युथ पाओर याक्सन सञ्जाल समिति |
| १२ | बाबुराम पन्त | नीमित्त क्षेत्रीय उपनिर्देशक/क्षेत्रीय अभियान संयोजक |
| १३ | शेषकुमार निरौला | सदस्य, नीति, रणनीति र योजना तर्जुमा सल्लाह समिति |
| १४ | धनप्रसाद रेग्मी | सदस्य, नीति, रणनीति र योजना तर्जुमा सल्लाह समिति |
| १५ | सुनिल थापा | माठमाडौं |

**नेसनल बोर्डद्वारा आमन्त्रित अतिथिहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | सुमन अधिकारी | द्वन्द्वपीडित साझा चौतारीका संस्थापक अध्यक्ष |
| २ | राम चन्द्र कार्की | दाङ |
| ३ | जङ्ग बुढाथोकी | दाङ |
| ४ | बामदेव सापकोटा | समूह ६६, दाङ |
| ५ | कमल भण्डारी | समूह ६६, दाङ |
| ६ | रमिता शर्मा | अम्विकेश्वरी युथ नेटवर्क, दाङ |
| ७ | जयन्ती रायमाझी | अम्विकेश्वरी युथ नेटवर्क, दाङ |
| ८ | दिपशिखा खड्का | अम्विकेश्वरी युथ नेटवर्क, दाङ |
| ९ | कर्ण मगर | दाङ |
| १० | दिपेश श्रेष्ठ | दाङ |
| ११ | अरुन कुमाल | दाङ |

**राष्ट्रिय सचिवालयका कर्मचारीहरू**

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | निराजन थपलिया | निर्देशक |
| २ | अस्मिता सापकोटा | अभियान संयोजक |
| ३ | मरिसा टेलर | मिडिया तथा सञ्चार संयोजक |
| ४ | कुन्दनराज शर्मा | मानवअधिकार शिक्षा अधिकृत |
| ५ | प्रशान्त त्रिपाठी | आईटी अधिकृत |
| ६ | प्रजु श्रेष्ठ | एड्मिन एण्ड फाइनान्स म्यानेजर |
| ७ | चक्रकुमार प्रधान | सदस्यता इन्चार्ज |
| ८ | सुनिता राई | प्रशासनिक तथा वित्तीय सहायक |
| ९ | जगन्नाथ आचार्य | कार्यालय सहायक |
| १० | जहुर वाणी | भोलुन्टियर |

**स्वयंसेवकहरू**

| क्र.सं. | नाम | समूह/युथ नेटवर्क |
|---|---|---|
| १ | सरिता बुढाथोकी | अम्बिकेश्वरी युथ नेटवर्क |
| २ | सिर्जना घिमिरे | अम्बिकेश्वरी युथ नेटवर्क |
| ३ | अजित प्रसाद यादव | पक्लिहवा युथ नेटवर्क, भैरहवा |

**अनुसूची २**

नेसनल बोर्डद्वारा प्रस्तावित र साधारण सभाद्वारा अनुमोदित कार्यक्रम एजेण्डा।

**प्रस्तावित कार्यक्रम (एजेण्डा)**

| | |
|---|---|
| **२०८० मङ्सिर १५ (१ डिसेम्बर २०२३) शुक्रबार** | |
| ०९:०० बजेदेखि १८:०० बजे सम्म | सहभागीहरूको आगमन र नाम दर्ता |
| ११:३० - १३:०० | दिवा खाना |
| १४:०० - १५:०० | चिया, नास्ता |
| १५:०० बजेदेखि १८:०० बजे सम्म | उद्घाटन सत्र |
| १९:३० देखि | बेलुकीको खाना |
| **२०८० मङ्सिर १६ (२ डिसेम्बर २०२३) शनिबार** | |
| ०७:३० - ०९:०० | नास्ता |
| ०९:०० - ०९:३० | ह्युमन राइट्स् याक्सन |
| ०९:३० देखि | बन्द सत्र प्रारम्भ |
| ०९:३० - ०९:४५ | • गणपुरक सङ्ख्याको जानकारी<br>• प्रस्तावित कार्यक्रम (एजेण्डा) अनुमोदन<br>• गणक (Tellers) र प्रतिवेदक (Rapporteur) को नियुक्ति अनुमोदन<br>• साधारण सभा कार्यक्रम र यसको सञ्चालन ढाँचा सम्बन्धमा जानकारी |
| ०९:४५ - १०:३० | आ.व. २०७९/८० को वार्षिक कार्यक्रम प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १०:३० - ११:०० | सन् २०२४ को कार्ययोजना र बजेट प्रस्तुत/छलफल र अनुमोदन |
| *११:०० - ११:३०* | *चिया* |
| ११:३० - १२:१० | नेसनल बोर्डको आ.व. २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १२:१० - १३:०० | आ.व. २०७९/८० को आर्थिक र लेखापरीक्षण प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| *१३:०० - १४:००* | *खाना* |
| १४:०० - १४:१५ | आ.व. २०८०/८१ को लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्तिसम्बन्धी प्रतिवेदन प्रस्तुत/छलफल र अनुमोदन |
| १४:१५ - १६:१५ | एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावली संशोधन प्रस्ताव प्रस्तुत/छलफल र अनुमोदन |
| १६:१५ - १६:३० | प्रेपकम र नोमिनेसन कमिटिको सङ्क्रमणकालीन व्यवस्थासम्बन्धी प्रस्तावमाथि छलफल र अनुमोदन |
| १६:३० - १७:०० | समापन |
| १७:०० - | चियापान |
| १९:०० - | बेलुकीको खाना |